# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ४ अङ्क १९ पूर्णाङ्क १६४ | २०७६ मंसिर २३ गते सोमबार | Monday, 9 Dec, 2019 | पृष्ठ ८ | मूल्य रु. १०।-

## विप्लव नेकपाका जनसरकार प्रमुखसहित दर्जनौं नेता कार्यकर्ता क्रान्तिकारी माओवादीमा प्रवेश



चितवन । नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपा चितवन जिल्लाका युवा तथा मजदुर आन्दोलनका स्थापित नेता धर्मराज नहर्की र राप्ती नगरपालिका जनसरकार प्रमुख गुणराज श्रेष्ठ सहित दुई दर्जन बढी नेता *बाँकी ८ पेजमा*

# राष्ट्रिय स्वाधीनता आन्दोलनमा देजमोको नेतृत्व




काठमाडौं । स्थापनाकालदेखि नै राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूलाई प्रमुखताका साथ उठाउँदै आएको नेकपा (क्रान्तिकारी माओवादी) को क्रान्तिकारी संयुक्त मोर्चाको रूपमा रहेको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल (देजमो, नेपाल)ले पछिल्ला दिनमा आफ्नो सक्रियतालाई गुणात्मक रूपमा बढाउँदै लगेको छ ।

सीमा अतिक्रमण, नक्कली नक्साको प्रयोग, सन् पचास लगायत असमान सन्धि सम्झौताको खारेजी तथा नेपालको आन्तरिक मामिलामा भएको भारतीय विस्तारवादी हस्तक्षेप लगायतका विषयहरूलाई लिएर राष्ट्रिय स्वाधीनताको आन्दोलन सञ्चालन गर्दै आएको देजमो, नेपालले ७६ कात्तिक १६ (नोभेम्बर २, १९१९) का दिन भारतको मोदी सरकारले नेपालको ३८५ वर्ग किमि नेपालको भूभाग (लिम्पियाधुरा, लिपुलेक, कालापानीलगायको क्षेत्र) आफ्नो सीमाभित्र पारेर नयाँ राजनीतिक नक्सा जारी गरेपछि जारी आन्दोलनलाई *बाँकी ७ पेजमा*

## 'सरकार सीमा अतिक्रमणको विरुद्ध आवाज उठाउँदा दमनमा उत्रियो'



● **जितेन्द्र थापा**

सुर्खेत । नेकपा (क्रान्तिकारी) माओवादी निकट देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका केन्द्रिय सचिवालय सदस्य चक्रपाणि शर्मालेे कालापानी, *बाँकी ७ पेजमा*

## देजमो नवलपरासीको महेशपुर-सुस्ता जागरण अभियान




● **रवि पाण्डेय**

नवलपरासी १९ मंसिर - देशभक्त जनगणतान्त्रिक मोर्चा- नेपाल जिल्ला समिति पश्चिम नवलपरासीले भारतले गरेका सिमा अतिक्रमण बिरुद्ध जिल्लाका *बाँकी ७ पेजमा*

## 'अब पश्चिममा सतलज र पूर्वमा टिस्टालाई सिमाना दाबी गर्दै अन्तर्राष्ट्रिय अदालत जानुपर्छ'



काठमाडौं । लिम्पियाधुरा, लिपुलेक, कालापानीको ३८५ वर्ग किमि भूमि हडपेर भारतले नयाँ नक्सा जारी गरेपछि सुगौली सन्धियताको २०३ वर्षमा पहिलो पटक नेपालमा सबैभन्दा ठूलो राष्ट्रिय संकट उत्पन्न भएको विश्लेषण गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले सन् १८१६ को सन्धि अनुसार भारतले लिम्पियाधुरालाई नेपालको सिमाना मान्दैन भने नेपालीहरूले पूर्वमा टिस्टा र पश्चिममा सतलजसम्मको १ लाख ५ हजार वर्ग किमि भूमिमाथि दाबी गर्दै ऐतिहासिक प्रमाणसहित अन्तर्राष्ट्रिय अदालतमा जानुपर्ने विचार व्यक्त गरेका छन् ।

नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध क्रान्तिकारी युवा लिग, नेपाल, *बाँकी ७ पेजमा*

## पोखरामा देजमोको वृहत् अन्तरक्रिया भव्य रूपमा सम्पन्न

*विस्तृत समाचार पृष्ठ ४ मा*

## विस्तारवादी हस्तक्षेपका विरुद्ध क्रान्तिकारी युवा, विद्यार्थी र मजदुरहरूको विरोध प्रदर्शन

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट क्रान्तिकारी युवा लिग, नेपाल, अखिल (क्रान्तिकारी), अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघको संयुक्त आयोजनामा भएको विरोध ऱ्याली र सभामा हजारौको संख्यामा क्रान्तिकारीहरू भारतीय विस्तारवादी हस्तक्षेपका विरुद्ध सडकमा उत्रीएका छन् ।

क्रान्तिकारीहरूको यो विरोध प्रदर्शनलाई सीमा बचाउ अभियानका अभियन्ता तथा अग्रज पत्रकार भैरव रिसाल समेत ऐक्यबद्धता जनाउन कार्यक्रममा उपस्थित भई विरोधसभालाई सम्बोधन गरेका छन् ।

विरोधसभा सुरु हुनुअघि क्रान्तिकारीहरूको विरोध र्‍याली शान्तिबाटिकाबाट सुरु भई पुलतलीसडक, पद्मोदय मोड, भृकुटीमण्डप, भद्रकाली, सुन्धरा, सहिद गेट, एनएसी, वीर अस्पताल हुँदै रत्नपार्क शान्तिबाटिकामा पुगेर विरोध सभामा परिणत भएको थियो । र्‍यालीमा भारतीय विस्तारवाद मुर्दावाद, लिपुलेक, कालापानी, लिम्पयाधुरा हाम्रो *बाँकी ८ पेजमा*

## क्रान्तिकारी माओवादी र देजमोनेपालको प्रधानमन्त्रीलाई ज्ञापनपत्र

### कञ्चनपुर, दार्चुला, बैतडी, डोटी, कैलाली, रसुवा र रामेछापका जिल्ला प्रशासन कार्यालयमा बुझाइयो ज्ञापन पत्र

● **धनञ्जय अवस्थी**

कञ्चनपुर । सीमा रक्षाका लागि नेकपा (क्रान्तिकारी माओवादी) र सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले जिल्ला प्रशासन कार्यालयमार्फत् प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापन पत्र बुझाएको छ । क्रान्तिकारी माओवादीले सुदूरपश्चिम प्रदेशको कञ्चनपुर, दार्चुला, बैतडी, कैलाली, डोटी जिल्लाहरूमा जिल्ला प्रशासन कार्यालयमार्फत् प्रधानमन्त्री केपि शर्मा ओलीलाई ज्ञापनपत्र बुझाएको क्रान्तिकारी माओवादीका प्रदेश इन्चार्ज अनुकूलले जानकारी दिए । बाँकी जिल्लाहरूमा पनि ज्ञापन पत्र बुझाउने तयारी रहेको छ ।

राष्ट्रिय स्वाधीनता र सिमा रक्षाका *बाँकी ७ पेजमा*

### क्रान्तिकारी माओवादी प्रदेश ४ को सम्मेलन सम्पन्न

## 'क्रान्तिको तीव्र र घनिभूत रुपमा तयारी भइरहेको छ'



● **रामकुमार श्रेष्ठ**

पोखरा । नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा मध्यब्युरो इन्चार्ज सीपी गजुरेल गौरवले पार्टीले नयाँ जनवादी क्रान्तिको तीव्र र घनिभूत तयारी भइरहेको बताएका छन् ।

पार्टीको ४ नम्बर प्रदेशको बुधबारदेखि पोखरामा शुरु भएको प्रथम प्रदेश अधिवेशनको उद्घाटन गर्दै नेता गजुरेलले पार्टीभित्र क्रान्तिको तयारी भइरहेको बताए । क्रान्ति भनेको आजको आजै हुदैन, गजुरेलले भने, दश वर्षे जनयुद्ध शुरु गर्नु भन्दाअघि दश वर्ष तयारीमा लागेको थियो । त्यसैको तयारीमा हामी लगिरहेका छौं ।

क्रान्तिपछि प्रतिक्रान्ति भएकै बेलामा फेरि क्रान्ति शुरु गरिहाल्न नसकिने स्पष्ट गर्दै नेता गजुरेलले अहिले तीब्र र घनिभूत रूपमा तयारी गरिरहेको *बाँकी ७ पेजमा*

## नेपालको सार्वभौमिकता र अखण्डताको रक्षाको प्रश्न

***उत्तराञ्चलका मुख्यमन्त्री त्रिवेन्द्र सिंह रावतले कालापानी भारतको अभिन्न अंग हो र भविष्यमा पनि रहिरहने छ भनी बयान दिएका थिए । केही वर्षअघि भारतका राजदुत रहेका र भारत सरकारले नेपाल विज्ञका रुपमा प्रचार गर्दै आएका केभी राजनले एउटा भारतीय अंग्रेजी दैनिक पत्रिकामा दिएको अन्तर्वार्ताको हवाला दिँदै नेपालीहरुले आफ्नो माटोबाट भारतीय सेना फिर्ता गराउन र गलत नक्सा सच्याउनका लागि उठाएको आवाजलाई "मूर्खता सावित नहोस्" भन्ने चेतावनी दिएको खबर नेपाली अनलाइन मिडियामा छ्याप् छ्याप्ती आइरहेको छ***



● सीपी गजुरेल ●

०७६ कात्तिक १६ (नवेम्बर २, १९१९) का दिन भारतको मोदी सरकारले पुनः नयाँ राजनीतिक नक्शा जारी गऱ्यो । सरकारले भारतीय संविधानको धारा ३७० खारेज गरेपछि भारतीय सिमालाई नयाँ ढंगले प्रदर्शन गर्ने उद्देश्यले जारी गरेको नयाँ नक्शामा पनि नेपालको ३८५ वर्ग किमि नेपालको भूभाग भारतले आफ्नो सीमाभित्र पारेको छ, जुन काठमाडौं उपत्यकाभित्रको भक्तपुर जिल्लाको क्षेत्रफलभन्दा तीन गुना ठुलो हुन्छ । नेपाल सरकारलाई कुनै जानकारीसम्म पनि नदिइकन तयार पारिएको यो नक्शा सार्वजनिक भएपछि नेपालमा यसले एक प्रकारको तरंग नै पैदा गरेको छ । हुन त भारतले हड्पेको भूभाग यति मात्र होइन, सुस्ता र महेशपुर त पहिलेदेखि नै मिचिरहेकै छ, जम्मा ७१ ठाउँमा सिमाना मिचेको छ । अब भारतले मिचेजति सबै भूभाग एकै साथ दाबी गर्ने र आफ्नो भूभाग कायम गर्ने बेला आइसकेको छ । सरकार, राजनीतिक पार्टीहरू र सरोकारवाला संघ, संस्थाहरूले आ-आफ्नै किसिमले यो अतिक्रमणका विरुद्ध आवाज उठाइरहेका छन् । अहिलेसम्मका विरोधलाई भारत सरकारले खासै टेरे जस्तो देखिएको छैन । उसले आफ्नो अतिक्रमणलाई जायज ठहराउने भरमग्दुर प्रयास गरिरहेको देखिन्छ । त्यसैले, नेपाली भूमिबाट भारतीय सेना फिर्ता गराउने र भारतले आफ्नो नक्शामा पारेर राजनीतिक *बाँकी ३ पेजमा*

## सम्पादकीय

# देजमो, नेपालको सक्रियता

नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले राष्ट्रिय स्वाधीनताको आन्दोलनमा देशव्यापी रूपमा सक्रियता प्रदर्शन गरिरहेको छ । क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य सीपी गजुरेलको नेतृत्वमा रहेको यो मोर्चाले जारी राष्ट्रिय स्वाधीनताको आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको छ । काठमाडौं उपत्यका लगायत सातवटै प्रदेशका विभिन्न जिल्लामा यो मोर्चाले भारतीय हस्तक्षेप तथा सीमा अतिक्रमणलाई विस्तारवादी हस्तक्षेपको संज्ञा दिंदै विरोध प्रदर्शन, र्‍याली, कोणसभा तथा जनसभाहरू गरिरहेको छ ।

नरेन्द्र मोदी नेतृत्वको भारत सरकारले नेपालको कालापानी, लिपुलेक, लिम्पियाधुरा लगायत भूभाग आफ्नो नक्सामा पारी नयाँ राजनीतिक नक्सा जारी गरेपछि एक महिनादेखि त्यसको विरोधमा नेपाली समाज आन्दोलित बनेको छ । तर यही विषय देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले भने करिब डेढवर्षअघि देखि नै उठाउँदै आएको थियो । यो मोर्चाले लिम्पियाधुरा, कालापानी, लिपुलेक लगायत १००१९ वर्ग किमि भूमि गायब पारिएको विषय निरन्तर उठाउँदै आएको थियो । लिम्पियाधुरा, लिपुलेक, कालापानी गायब पारिएको नक्कली नक्सा प्रयोग गरिएको भन्दै त्यसको विरोधमा मेची-महाकाली अभियान समेत सञ्चालन गरेको थियो । र, सरकारी कार्यालयहरूमा झुण्ड्याइएको नक्कली नक्सा हटाएर नेपालको वास्तविक नक्सा (लिम्पियाधुरा, लिपुलेक, कालापानी क्षेत्र भएको नक्सा आफैले छापी) प्रयोग गर्न भन्दै जिल्ला प्रशासन कार्यालयहरूदेखि महानगर तथा नगरपालिका कार्यालयहरूलाई हस्तान्तरण समेत गरेको थियो । यही विषय अहिले आएर आम देशभक्त नेपालीहरूले उठाइरहेका छन् । यस अर्थमा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूमा अरुभन्दा एक कदम अगाडि रहँदै आएको छ । र, अहिले जारी आन्दोलनमा पनि अहिले देशव्यापी रूपमा आफ्नो सक्रियता प्रदर्शन गरिरेहको छ ।

यो मोर्चाका अध्यक्ष सीपी गजुरेल आफै सबभन्दा बढी सक्रिय रूपमा देश दौडाहामा लागेका छन् । शुक्रबार मात्र पोखरामा आफैले कार्यपत्र तयार पारी अन्तर्क्रिया कार्यक्रममा प्रस्तुत गरे र राष्ट्रिय स्वाधीनताको जारी आन्दोलनमा सम्पूर्ण देशभक्त नेपालीहरू एकताबद्ध हुन आव्हान समेत गरे । यो मोर्चाले ३ नं. र ७ नं. प्रदेशका जिल्लाहरूमा जिल्ला प्रशासन कार्यालयमार्फत् प्रधानमन्त्री ओलीलाई ज्ञापन पत्र बुझाइसकेको छ भने क्रान्तिकारी माओवादी सम्बद्ध जबस तथा मोर्चाहरूको नेतृत्व गर्दै मोर्चाका अध्यक्ष सीपी गजुरेलले नेपाल स्थित भारतीय दूतावासमार्फत् भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई कालापानी क्षेत्र फिर्ता गर भन्दै ज्ञापन पत्र बुझाइसकेका छन् । काठमाडौं उपत्यका लगायत अधिकांश जिल्लामा विरोध प्रदर्शनहरू भइरहेका छन् । जारी आन्दोलनलाई व्यवस्थित र सशक्त रूपमा अगाडि बढाउन यो मोर्चाले अन्य पार्टी तथा नागरिक स्तरबाट सञ्चालित आन्दोलनलाई समेत जोडर एउटै वृहत् राष्ट्रिय स्वाधीनताको आन्दोलन बनाउनका निम्ति पहल समेत गरिरहेको छ ।

यो मार्चाको तर्फबाट अध्यक्ष सीपी गजुरेलले भारतीय विस्तारवादद्वारा अतिक्रमित भूमि फिर्ता गर्न गराउनका निम्ति ८ बुँदे कदम चाल्नुपर्ने सुझाब पनि सरकारलाई दिंदै आएको छ । उसले आफ्नो सुझावमा नेपाल सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग अविलम्ब वार्ता गर्नुपर्ने, सडकमा वृहत राष्ट्रिय राजनीतिक आन्दोलनको सृष्टि गर्नुपर्ने, यो मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्दै अन्तर्राष्ट्रिय अदालतमा लैजानुपर्ने, तत्काल १० हजारभन्दा बढी सेनालाई कालापानी क्षेत्रमा परिचालन गर्नुपर्ने, सुगौलीसन्धि अनुसार लिम्पियाधुरालाई भारतले सीमा नमाने नेपालले पश्चिममा सतलज र पूर्वमा टिस्टासम्मको भूभागमाथि दावी गर्दै अन्तर ाष्ट्रिय अदालत जानुपर्ने लगायतका विषयहरू प्रस्तुत गर्दै आएको छ ।

यो मोर्चाले सन् ५०को सन्धिलगायत भारतसँग गरिएका सम्पूर्ण असमान सन्धि सम्झौताहरू खारेज गरी नयाँ परिवेशमा परस्पर हितमा आधारित रहेर नयाँ सन्धि सम्झौता गर्नुपर्ने विषय पनि लगातार उठाउँदै आएको छ । र, भारतसँगको सीमा विवाद हल गर्नका निम्ति खुल्ला सिमाना सिल गर्नुपर्ने धारणा अघि सार्दै आएको छ ।

यसरी देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल नै राष्ट्रिय स्वाधीनताको जारी आन्दोलनमा सबैभन्दा अगाडि रहेको र जारी आन्दोलनलाई गन्तव्यमा पुर्‍याउने सही र व्यवहारिक उपायहरू समेत अघिसार्दै आएको छ । यसर्थ, राष्ट्रिय स्वाधीनताका लागि जारी अलग-अलग रूपमा सञ्चालित आन्दोलनलाई जोडेर वृहत् राष्ट्रिय राजनीतिक आन्दोलन विकासका निम्ति यो मोर्चाले नै नेतृत्वदायी पहल गर्न जरुरी छ । र, राष्ट्रिय स्वाधीनताको सवालमा यो मोर्चाले स्थापनाकालदेखि खेल्दै आएको भूमिका र उठाउँदै आएको मुद्दालाई अझ बढी प्रचारित र स्थापित गर्दै लैजान जरुरी छ ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com

# सशस्त्र जनविद्रोहको कार्यदिशा : शहरको भूमिका र मूल्याङ्कनको प्रश्न



● खगेन्द्र छन्त्याल ●

कार्यदिशा विविध हुनसक्छन् । देश, काल, परिस्थिति अनुसार क्रान्ति सम्पन्न गर्नका निम्ति क्रान्तिकारी पार्टीले आफ्नै विशिष्टतामा विभिन्न कालखण्डमा विभिन्न कार्यदिशाहरू अवलम्बन गर्न सक्छ । रूसी अक्टोबर समाजवादी क्रान्ति सम्पन्न गर्नका निम्ति रूसी बोल्सेविक पार्टीले त्यहाँको विशिष्टतामा अल्पकालीन सशस्त्र जनविद्रोहको कार्यदिशा अवलम्बन गरेको थियो । चिनियाँ क्रान्ति सम्पन्न गर्नका निम्ति चीनको क्रान्तिकारी पार्टीले त्यहाँको विशिष्टतामा दीर्घकालीन सशस्त्र जनयुद्धको कार्यदिशा अवलम्बन गरेको थियो ।

अल्पकालीन सशस्त्र जनविद्रोहमा प्रर्याप्त शक्ति संचय गरेर पहिले केन्द्रीय सत्तामाथि धावा बोलिन्छ र त्यसलाई कब्जा गरिन्छ, तत्पश्चात् स्थानीय सत्ताहरू कब्जा हुन्छन् । दीर्घकालीन सशस्त्र जनयुद्धमा ग्रामीण क्षेत्रमा छापामार युद्धद्वारा आधारईलाका निर्माण गर्दै पहिले गाउँ कब्जा गरेर गाउँले शहर घेरिन्छ र अन्त्यमा प्रतिक्रियावादीहरूको केन्द्रीय सत्ता कब्जा गरिन्छ । दीर्घकालीन जनयुद्धमा गाउँका शोसक, सामन्त, जाली फटाहा र तिनका मतियारहरू सुरू सुरूमा जनकारबाहीका निशाना बन्दछन् । सशस्त्र जनविद्रोहमा शहरका काला पुँजीपति, दलाल, तस्कर, भ्रष्ट र तिनका एजेन्टका साथै सी.आई.डी. हरू सुरू सुरूमा जनकारवाहीका निशानामा पर्दछन् ।

नेपाल अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक अवस्थामा रहेको कुरा जगजाहेर नै छ । देशलाई यो अवस्थाबाट मुक्त गर्नका निम्ति नयाँ जनवादी क्रान्ति आजको आवश्यकता हो । नयाँ जनवादी क्रान्ति एक प्रकारको पुँजीवादी क्रान्ति नै हो । चिनियाँ नयाँ जनवादी क्रान्ति सम्पन्न हुनुअगाडि संसारका हरेक पुँजीवादी क्रान्तिको नेतृत्व पुँजीपति वर्गले गर्दथ्यो र त्यो क्रान्तिको लाभ पुँ जीपतिवर्गले नै लिने गर्दथ्यो । तर चिनियाँ नयाँढंगको पुँजीवादी क्रान्तिको नेतृत्व सर्वहारा बर्गले गर्‍यो र त्यसको लाभ पनि सर्वहारावर्गले नै लियो । चल्दै आएको पुरानो र परम्परागत प्रकारको पुँजीवादी क्रान्तिमा क्रमभंग भयो अतः त्यस प्रकारको नयाँ ढंगको पुँजीवादी क्रान्तिको नाम नयाँ जनवादी (पुँजीवादी) क्रान्ति नामाकरण गरियो ।

'नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोह' नै नेपालको नयाँ जनवादी क्रान्तिको निम्ति आजको सहि कार्यदिशा हो । यसमा दुई मत छैन । नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहमा गाउँ र शहरका कामहरूलाई उचित र न्यायिक ढंगले समायोजन गरिन्छ । त्यसमा शहरलाई अग्रभाग र गाउँलाई आधार भाग मानिन्छ । आधार भागलाई अत्यन्तै महत्वपूर्ण मान्दा मान्दै पनि अग्रभागलाई बिशेष महत्व दिईन्छ । सबै हिसाबले पुरानो सत्ताको मुख्य शक्ति र अन्तिम सास शहरमा नै केन्द्रित रहेको र त्यहीँनेर जबरजस्त धावा बोलेर सर्वहारा वर्गले आफ्नो राज्यसत्ता स्थापना गर्नुपर्ने भएको कारण त्यो स्वभाविक, जायज र आवश्यक पनि हो । तसर्थ, सशस्त्र जनविद्रोहको कार्यदिशा भनेको मेरो शब्दमा शहरमुखी (शहर केन्द्रित) कार्यदिशा नै हो ।

शहरमुखी कार्यदिशामा शहर बिशेष ढंगले परिचालित हुनैपर्दछ । पेरिस शहर नतातेको भए पेरिस कम्युन स्थापनाको सम्भव थिएन । मस्को शहर नजागेको भए अक्टोबर सशस्त्र विद्रोह सम्भव थिएन । पेरिस बिद्रोह (पेरिस कम्यून) को पक्षमा पेरिस शहर उभिए झैँ, अक्टोबर क्रान्तिको पक्षमा मस्को शहर उभिए झैँ नेपालको सशस्त्र जनविद्रोहको पक्षमा काठमाडौं शहर ठिङ्ग उभिनु पर्दछ । शहरका हरेक नेता, कार्यकर्ताहरू जनविद्रोहका प्रत्येक रातहरूमा जागाराम बस्नुपर्दछ । क्रान्तिको आवश्यकतामा उच्च प्रकारको त्याग र बलिदानको निम्ति शहरका सबै नेता, कार्यकर्ताहरू तम्तयार हुनै पर्दछ, लावालस्कर लाग्नैपर्दछ । क्रान्तिकारीहरूको निम्ति त्याग र बलिदान एउटा अवसर हो । क्रान्तिको आवश्यकतामा क्रान्तिकारीहरू मध्ये थोरैले मात्र त्यसप्रकारका अवसर प्राप्त गर्दछन् । उच्च प्रकारका साहस, सौर्य, क्षमता, क्रियाशिलता र इमान्दारिताको आधारमा क्रान्तिकारीहरूलाई त्यो खालको अवसरहरू प्राप्त हुन्छन् ।

हिजो तत्कालीन विशिष्टतामा दीर्घकालीन जनयुद्धको कार्यदिशामा गाउँ अग्र भाग र शहर आधार भाग थियो । त्यो अवस्थामा रोल्पा, रूकुम, गोरखा, सिन्धुली जाजरकोट, सल्यान लगायतका जिल्लाहरू जनयुद्धका अग्रभागमा थिए र सोहिअनुसार त्यहाँका नेता, कार्यकर्ताहरू क्रियाशील थिए । त्याग, बलिदानका साथै क्रियाशीलता र क्षमताको आधारमा विविध अवसरहरू पनि त्यहींका नेता, कार्यकर्ता, जनताले बढी पाए । बाशु, सुनिल, परिवर्तन, जित, बहुबिर जस्ता नेता कार्यकर्ताहरूको एउटा ठुलो टिमले उच्च शहादत प्राप्त गर्ने अवसर गाउँमै पायो । हाल विभिन्न उतार चढाव, भड्काव, बिचलन र बिसर्जनको शिकार भएतापनि बिप्लव, प्रकाण्ड, पासाङ, प्रभाकर, अनन्त, बलदेव जस्ता थुप्रै नेताहरू गाउँमै उत्पादन भए ।

आजको विशिष्टतामा सशस्त्र जनविद्रोह गर्दा अवस्य शहर अग्रभाग र गाउँ आधार भागमा हुनु स्वभाविक हो । यो अवस्थामा काठमाडौं, भक्तपुर, ललितपुर, पोखरा, बिराटनगर, बिरगंज लगाएतका शहरहरू क्रान्तिका केन्द्र बन्नेछन् । त्यसमध्ये पनि प्रतिक्रियावादी पुरानो सत्ताको सबै शक्ति केन्द्रित भएको हुँदा निर्णायक लडाई लड्नुपर्ने ठाउँ हुनुको कारण काठमाडौं शहर क्रान्तिको बिशेष केन्द्र बन्ने कुरा सुनिश्चित छ । यो अवस्थामा त्याग, बलिदानका साथै पार्टी र क्रान्तिका विविध अवसरहरू शहरको नेता, कार्यकर्ता र जनतालाई बढी प्राप्त हुनेछन् । अवश्य त्यसमध्ये पनि काठमाडौंलाई अझ बढी प्राप्त हुनेछन् । क्रान्तिको आवश्यकतामा शहरका नेता, कार्यकर्ताहरूलाई बाशु, सुनिल, परिवर्तन जित, बहुबिर बन्ने मात्र होइन तत्कालिन बिप्लव, प्रकाण्ड, पासाङ, प्रभाकर, अनन्त, बलदेव बन्ने अवसर पनि प्राप्त हुनेछन् । त्यो अवसरलाई सहि ढंगले सदुपयोग गर्न शहरका नेता, कार्यकर्ताहरू चतुर हुनै पर्दछ एकातिर ।

अर्कोतिर हिजो गाउँ अग्रभागमा हुँदा पार्टीले गाउँको भूमिकाको उच्च महत्वबोध गर्दै त्यही ढंगले गाउँको मूल्याङ्कन गर्दथ्यो । गाउँका नेता, कार्यकर्तालाई सोहिअनुरूप उत्प्रेरित गर्दथ्यो । ठिक त्यसरी नै आज शहर अग्रभागमा हुँदा शहरको भूमिकालाई पार्टीले नजर अन्दाज गर्दैन, गर्नुहुँदैन । शहरका कृयाशील र क्षमतावान नेता, कार्यकर्ताहरूको उचित मूल्याङ्कन तथा उनीहरूलाई थप उत्प्रेरित गर्ने, बिचारमा विकसित गर्ने र उर्जाशील बनाउने कार्यमा पार्टी चुक्दैन, चुक्नु हुँदैन यसमा शहर ढुक्क छ । माथि उल्लेख गरिएका नामहरू स्वतः स्थापित भएका होइनन् त्यसको पछाडी पार्टीको महत्वपूर्ण भूमिका छ । त्यसरी नै आजको आन्दोलनमा, क्रान्तिमा नयाँ नामहरू जो क्षमता, क्रियाशिलता र कार्यकुशलताको तराजुमा लाल र दक्ष प्रमाणित छन,लाई स्थापित गराउनको निम्ति पार्टी प्रतिबद्ध छ, हुनुपर्दछ ।

हिजो पेरिसका जनताको जायज बिद्रोहको पक्षमा पेरिस उभियो, रूसी जनताको जायज बिद्रोहको पक्षमा मस्को उभियो त्यो महान् कार्यको मूल्याङ्कन उच्च ढंगले भयो । त्यस्तै आज नेपाली जनताले गर्ने जायज जनबिद्रोहको पक्षमा काठमाडौं लगायत अन्य शहरहरू उभिँदा ती शहरहरू को मूल्याङ्कन उच्च हुने कुरामा काठमाडौं ढुक्क छ ।

यसको मतलब हिजो दीर्घकालीन जनयुद्धको कार्यदिशामा सहरको भूमिका नै थिएन र त्यतिबेला त्यही ढंगको मूल्याङ्कन भएको थियो भन्ने होइन । त्यस्तै आज जनविद्रोहको कार्यदिशामा गाउँको कुनै भूमिका नै छैन र त्यसको त्यही ढंगले मूल्याङ्कन गरिनुपर्दछ भन्ने पनि होइन । कुनैपनि चिजको जग (आधार) अत्यन्तै महत्वपूर्ण हुन्छ । भर्बराउँदो जग बिना हरेक चिजको बिकास असम्भव हुन्छ । हिजो दीर्घकालीन जनयुद्धको कार्यदिशामा शहर आधार भाग हुँदा शहरमा पनि ठुल्ठुला त्याग, बलिदान, बिरता, साहस र सौर्यहरू प्रदर्शन भएका थिए त्यसले दीर्घकालीन जनयुद्धको कार्यदिशामा अत्यन्तै ठुलो महत्व राखेको थियो र पार्टीले त्यही ढंगको मूल्याङ्कन गरेको थियो । आज सशस्त्र जनविद्रोहको कार्यदिशामा गाउँ आधार भाग हो । गाउँमा जनविद्रोहको जग (आधार) बलियो बनेन भने शहरमा जनविद्रोहको धमाका फितलो हुन्छ । तसर्थ पार्टीले सशस्त्र जनविद्रोहको निम्ति शहरलाई बिशेष महत्व दिंदै गाउँलाई बिशेष प्राथमिकतामा राख्नुपर्ने हुन्छ र त्यहि ढंगको मूल्याङ्कन गरिनुपर्दछ ।

सारतः हिजो गाउँमुखी (दीर्घकालीन जनयुद्धको) कार्यदिशामा कृयाशिलता, त्याग, बलिदान लगायत अन्य विविध कोटाहरू गाउँलाई बढी पर्दथ्यो र क्रान्तिका निम्ति गाउँ ले नै त्यो कोटा चुक्ता गर्दथ्यो र सोहिअनुसार गाउँको मूल्याङ्कन हुन्थ्यो । त्यसैगरी आजको शहरमुखी (सशस्त्र जनविद्रोहको) कार्यदिशामा कृयाशिलता, त्याग, बलिदान लगायत अन्य विविध कोटाहरू शहरको भागमा नै बढी पर्नु र उक्त कोटा चुक्ता गर्न शहर तत्पर हुनु अत्यन्तै स्वभाविक हो । ठिक त्यसरी नै शहरको भूमिकाको महत्ववोध गर्नु र मूल्याङ्कन हुनु आजको खास आवश्यकता हो

● झटारो | माइलो गाउँले

# शुभलाभका लागि नाङ्गै दौडिनेहरू

शुभलाभको लागि नाङ्गै दौडिए तिनीहरू । नाङ्गै भन्नाले सोझो अर्थमा कपडै नलगाएर सर्वाङ्ग भएको भन्ने खोजेको भने होइन । भनिन्छ-विचारविहीनहरू पशु समान हुन्छन् । मानिसहरू वैचारिक प्राणि हुन् । राजनीति उनीहरूको चारित्रिक विशेषता नै हो । राजनीति त नेपालीहरूको जन्मजात विशेषता नै हो । नेपालमा राजनीति नगर्ने को छ र ? घर घरबाट सुरु हुन्छ राजनीति यहाँ । अनि समाज हुँदै सिंगो देश विदेशमा फैलिन्छ राजनीति ।

विचारविनाको राजनीति हुँदैन । राजनीतिलाई विचार र सिद्धान्तले नेतृत्व गरेको हुन्छ । मार्गदर्शन गरेको हुन्छ । विचार, सिद्धान्त, राजनीतिकको आफ्नै मूल्य हुन्छ, मान्यता हुन्छ, आदर्श हुन्छ, नियम हुन्छ, अनुशासन हुन्छ । त्यहाँ त्याग हुन्छ, तपस्या हुन्छ, समर्पण हुन्छ, एउटा उदात्त चेतना र भावनाले मानिस साँच्चै मानिस भएको हुन्छ । जब मान्छेले आफूले अँगालेको विचार, सिद्धान्त, राजनीति, मूल्य मान्यता, आदर्श, त्याग, तमस्या, अनुशासन, समर्पण सबै छाड्छ र केवल निहीत तुच्छ स्वार्थका लागि दौडिएको हुन्छ । त्यस अर्थमा उसलाई नाङ्गै दौडिएको भन्ने अर्थ लगाउनु पर्ने हुन्छ ।

राजनीतिक भाषामा विचारविहीन मानिसहरू जीउँदा लाश सरह हुन् । यस अर्थमा शुभलाभका लागि हुल बाँधेर लाशहरू दौडिरहेका छन् । केवल फाइदाका लागि, केवल पैसाका लागि । तिनीहरू एक समय निकै ठुलो विचार, सिद्धान्त, राजनीतिक, आदर्श, मूल्य मान्यताको कुरा गर्दथे । धेरैले तिनीहरूलाई नै आदर्श मानेर बलिदानीपूर्ण संघर्षमा पनि हाम्फालेका थिए । यिनीहरू शुभलाभका लागि यसरी रातारात छेपाराले झैं रंग फेर्छन् भन्ने थाहा पाएको भए सायद आमाका ती महान सन्ततीहरूले किन आफ्नो अमूल्य जीवनको बलिदान गर्थे होलान् । बिडम्बना त के छ भने एउटा महान आदर्शका लागि बलिदान गर्ने तिनै महान सहिदहरूलाई समेत भजाइ खान बाँकी राखेका छैनन् तिनीहरूले ।

आज तिनीहरू 'सहिद', 'गरिब', 'कम्युनिस्ट', 'वामपन्थी', 'सर्वहारा' आदि आदि नाम भजाएर आफू मालामाल बनिरहेका छन् र हिजोको आफैले महान भनेर लडेको त्यो मुक्तिकामी युद्ध र बलिदानलाई कुरूप र घिनलाग्दो देखिरहेका छन् । र, त्यो युद्ध, संघर्ष, विद्रोहका गौरवशाली दिनमा आफूले खर्चेको समयलाई धिक्कारिरहेका छन् र पश्चाताप मान्न पुगेका छन् । साँच्चै ती आज सर्वहारा श्रमजीवी जनताका वर्गदुश्मन कित्तामा पुगेका छन् । उनीहरूको सोच, चिन्तन, प्रवृत्ति, आचार, व्यवहार, संस्कार, संस्कृति सामन्तवाद र साम्राज्यवादको अवैद्य सन्तानको रूपमा जन्मिएको दलाल खच्चडको जस्तो बनेको छ । उनीहरूमा विचौलिया प्रवृत्ति यति धेरै हावी भएर गएको छ कि शुभलाभ हुने भए आफूलाई जन्मदिने आमालाई बेच्न पनि पछाडि नपर्ने भएका छन् । तिनीहरूको विचौलिया प्रवृत्ति आज सिंहदरबारदेखि गाउँ गाउँमा विस्तारित हुन पुगेको छ । र, यसले महामारीको रूप लिएको छ । यो प्रवृत्ति यति निकृष्ट, अमानवीय र संवेदनाहीन बनेको छ कि पैसाविना केही पनि नगर्ने, पैसालाई बाहेक मान्छेलाई नचिन्ने भएको छ । पैसाका अगाडि तिनीहरूका लागि मान्छेको कुनै मूल्य छैन । यो समाजको विषाक्त प्रवृत्तिका विरुद्ध फेरि एउटा महान सामाजिक अभियान, राजनीतिक अभियान, वैचारिक-साँस्कृतिक रूपान्तरणको अभियान सञ्चालन गर्न जरुरी छ । यो प्रवृत्तिलाई घोक्रेठ्याँक लगाउनलाई, यी जिउँदा लाशहरूलाई ठेगान लगाउनलाई, यिनीहरूलाई लगाम लगाउनलाई र यिनलाई मानवीय मूल्यको गतिलो पाठ सिकाउनलाई फेरि एउटा साँचो अर्थमा जनवादी महान अभियानको सञ्चालन गर्नु परेको छ । सबै श्रमजीवी सर्वहारा वर्ग र समुदायको सुदृढ एकतामा आधारित भएर उठाउनु छ- मार्क्सवाद-लेनिनवाद-माओवादीको रातो झण्डा । बाल्नु छ- एउटा महान जनविद्रोहको मशाल ।

# नेपालको सार्वभौमिकता र अखण्डताको रक्षाको प्रश्न




नक्शामा प्रकाशित समेत गरिसकेको भूभाग नेपालले आफ्नै कायम गराउने काम निकै चुनौतीपूर्ण रूपमा उपस्थित भएको छ ।

यतिखेर हाम्रो देशको सार्वभौमिकता र अखण्डतामा नै गम्भीर प्रकारको संकट पैदा भएको छ । यो नेपालको इतिहासकै एउटा ठुलो संकट हो । यसलाई त्यही गहिराईका साथ लिनु आवश्यक छ । हामीले हाम्रो सार्वभौमिकता र अखण्डताको रक्षा यतिखेर गर्न सकेनौं भने यो सन् १८१६ को सुगौली सन्धिपछिको सबैभन्दा ठुलो राष्ट्रघात ठहर्नेछ । यस अवस्थामा देशका सम्पूर्ण देशभक्तहरू एकताबद्ध हुनु जरुरी छ । यसैको आधार तयार गर्नका लागि हामीले यो सर्वपक्षीय गोष्ठीको आयोजना गरेका हौं । देश नरहे हामी कोही पनि रहने छैनौं । त्यसैले यो राष्ट्रिय संकटको घडीमा हामी सबैले गम्भीर भएर सोचौं र देशभक्त नेपालीहरूको बीच अपूर्व एकता कायम गरेर हाम्रो प्यारो देश, प्यारो मातृभूमिको रक्षा कसरी गर्न सकिन्छ, खुलस्त र गहन छलफल गर्नका लागि पनि हामी सबैसँग अनुरोध गर्दछौं ।

भारतीय सेना कालापानी कसरी पस्यो ?

भारत र चीनको वीचमा सन् १९६२ मा भएको युद्धका दौरानमा भारतीय सेनाले नेपाल सँग शरण मागेर कालापानी पसेर चिनियाँ सेनाको कारबाहीबाट बच्न सफल भएको थियो । राजा महेन्द्रकै पालामा भएको यो घटनामा कतै राजाले भारतसँग भित्री सम्झौता गरेका थिए कि ? भन्ने आशंका गरिँदैछ । किनभने दुई देशमा भएको युद्ध समाप्त भएपछि पनि भारतीय सेनाले नेपाल छाडेन । कतिपय जानकारहरू भारतले केही दिन नेपालमा भारतीय सेनालाई राख्ने अनुमति मागेर पत्र नै पठाएको थियो भन्ने पनि चर्चा छ । त्यसपछि भारत सरकारले अटेर गरेर नै ५७ वर्षसम्म नेपाली भूभागमा सेना राख्यो । अझ अहिले आएर त त्यो नेपालको भूभाग नै होइन, भारतको हो भन्नु कती लज्जास्पद कुरा हो । यी घटनाबाट पाठ सिक्दै, जे सुकै र जतिसुकै भए पनि हामीले एक इंच जमिन पनि कसैलाई नदिन गम्भीर शिक्षाको रूपमा यसलाई लिनु पर्दछ ।

भारतीय परीक्षण

भारतले नेपालको लिम्पियाधुरा, कालापानी र लिपुलेक आफनो सीमा भित्र पारेर नक्सा तयार पारेर व्यापक प्रचार प्रसार गरेपछि नेपालमा यसको सर्वत्र विरोध भैरहेको छ । कतिपय मानिसहरूले त यसलाई नौलो र नयाँ घटनाका रूपमा पनि बुझ्ने र व्याख्या गर्ने गरेको पनि पाइन्छ । तर, नेपाल र नेपालीका लागि यो भारतीय अतिक्रमण नयाँ भने होइन । यसै प्रकारको नक्सा केही वर्षअघि भारतले प्रकाशित गरेर नेपाल पठाएको थियो । लिपुलेक, लिम्पियाधुरा र कालापानी भारतमा गाभिएको नक्सा नेपाल सरकारका मन्त्रालयमा सम्म पनि टाँगिने गरेको थियो ।

नेकपा (क्रान्तिकारी माओवादी)को योजनामा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको नेतृत्वमा काठमाडौंमा मन्त्रालय, नगरपालिका लगायत विभिन्न कार्यालयमा अनुगमन गरी भारतको नक्सा झिकेर फाल्ने काम पनि गरिएको थियो । यसका साथै देशभक्त जनगणतान्त्रिक मोर्चाको आयोजनामा ०७४ साल फाल्गुण ७ देखि २१ गतेसम्म सम्पन्न मेची-महाकाली अभियानमा नेपालको वास्तविक नक्सा र भारतले प्रकाशित गरेको नक्कली नक्सा प्रदर्शन गरेर यो अतिक्रमणबारे जनतालाई सचेत गराउने काम समेत गरिएको थियो । त्यतिखेर हाम्रो भनाइलाई कमैले मात्र सुनेका थिए । यो सबैकाम हामी एक्लैले गरेका थियौं । अहिले आएर यसमा सबैको चासो बढ्नु खुसीको कुरा हो । हामीले यसलाई हाम्रो सफलता र ढिलो भए पनि सत्य कुरा स्थापित हुन सक्ने रहेछ भन्ने शिक्षाका रूपमा पनि लिएका छौं ।

अहिले आएर हामीलाई के लाग्दछ भने, भारतले नेपाली जनता र सरकारको प्रतिकृया हेर्नका लागि उक्त नक्कली नक्शाको प्रचार गरी हेरेको थियो । नेपाल सरकारबाट 'मौनम् सम्मति लक्षणम्'को प्रदर्शन गरेको थियो र हामी बाहेक अरु कसैले मुख खोलेको थिएन । त्यसबाट हौसेर यस पटक पनि नक्कली नक्सा पठाएर स्थापित गर्ने प्रयास गरेको थियो । तर यसपटक नेपालमा चौतर्फी विरोध भएकोले भारत सरकार सशंकित र रक्षात्मक बन्न वाध्य भएको देखिन्छ ।

सुगौली सन्धिको प्रश्न

दिशम्बर २, १८१६ मा भारतको इष्ट इण्डिया कम्पनी सरकार र नेपाल सरकारका बीच भएको सुगौली सन्धिका कारण नेपाल खुम्चिएर अहिलेको आकारमा आएको हो । सुगौली सन्धिकै विषयमा पनि धेरै विवाद छन् । सन् १९५० को नेपाल-भारत सन्धिले यसभन्दा अघि भएका सबै सन्धिहरू खारेज गरिएको छ भनेर किटान गरिसके पछि सुगौली सन्धि स्वतः समाप्त हुने र नेपालले सुगौली सन्धिभन्दा पहिलेको भूभागमा दावी गर्न सक्ने तर्क पनि निकै बलियो छ । अहिले नेपाल र भारतले मान्दै आएको सिमाना त्यही सुगौली सन्धिले निर्धारित सिमाना हो । सुगौली सन्धिको धारा-५ मा भनिएको छ, "नेपालका श्री ५ महाराजाधिराज मौसुफ स्वयम्का लागि, मौसुफका उत्तराधिकारीहरू वा वारिसहरूका लागि काली नदीको पश्चिममा पर्ने देशहरूसितको सम्बन्ध र सम्पूर्ण दावीहरू परित्याग गरिबक्सन्छ र ती देशहरू वा तिनका वासिन्दाहरूसित कहिल्यै कुनै चासो मौसुफबाट राखिबक्सने छैन ।"(नेपालको सिमाना, बुद्धिनारायण श्रेष्ठ, पृ १२१।)

भारत सरकारले पनि मान्दै आएको र दर्जनौं तथ्यहरूले पुष्टि गरेको कुरा के हो भने लिम्पियाधुरा भएर बग्ने नदी नै काली नदी (जस्लाई हिजो आज महाकाली नदी भनिन्छ) हो । तर, भारत सरकारको अहिलेको नक्साले लिपियाधुराबाट बग्ने नदीलाई महाकाली नदीको मुहान नमानेर लिपुलेकबाट बग्ने खोल्सी, जसको नाम हो लिपुखोला, त्यसलाई नै महाकाली नदीको मुहान भनेर जाली झेली तर्क गरिरहेको छ । संसारकै सबैभन्दा ठुलो देशमा गणना हुने भारतका शासकहरूले यति तल झरेर जालझेल गर्नु उनीहरूकै लागि पनि अशोभनीय र लज्जास्पद विषय हो । यस प्रकारका लज्जास्पद र कुतर्क गरेर जसरी नेपालको भूभागमाथि कब्जा जमाउन खोजिएको छ, त्यसलाई कुनै पनि हालतमा स्वीकार्न सकिँदैन । यो नेपालमाथिको खुला अतिक्रमण हो र यो कोही पनि सच्चा देशभक्त नेपालीका लागि मान्य र सह्य हुन सक्दैन ।

यदि भारत सरकार यही तर्कमा कायम रहन्छ भने उसले सुगौली सन्धिलाई नमानेको ठहर्छ । त्यस अवस्थामा त्यसको अर्को पक्ष नेपालले पनि नमान्ने अधिकार नेपालसँग सुरक्षित हुन्छ । यस अर्थमा अब नेपालले पूर्वको सिमाना टिष्ठा नदी, पश्चिमको सतलज नदीसम्मको भूभागमाथि दावी पेस गर्न सक्दछ । भारतले अतिक्रमण गरेको भूभाग शान्तिपूर्ण तरिकाले फिर्ता नगरेको खण्डमा नेपालले पनि सुगौली सन्धिपूर्वको क्षेत्रफल (२,५२, १८१ वर्ग कि मी)मा नेपालले दावी गर्नु नितान्त स्वभाविक हुन जान्छ ।

सरकार, पार्टी, संघ, संस्थाहरूको भूमिका

यो एउटा सर्वभान्य तथ्य हो कि देशको भूभागको रक्षा गर्ने मुख्य जिम्मेवारी सरकारको हुन्छ । यदि त्यो सरकारले देशको सीमा सुरक्षाको जिम्मेवारी पुरा गर्न सक्दैन वा चाहँदैन भने त्यसलाई सरकारमा रहिरहने अधिकार हुँदैन । त्यसले सरकारको मान्यता पनि पाउनु हुँदैन । विद्यमान केपी ओली नेतृत्वको सरकारले यस सम्बन्धमा गरेका कामहरू हुन् : संसदभित्रका केही दलहरूको बैठक बोलाउने र भारत सरकारलाई एउटा 'नोट' पठाउने । यी खासै महत्वका विषय होइनन् । यस प्रकारका सरकारका गतिविधिबाट अतिक्रमित भूभाग नेपालले आफ्नो बनाउन सक्दैन । त्यसमाथि, भारत सरकारका तर्फबाट नेपालले कुनै पनि लिखित नोट पठाएको थाहा नभएको जनाएको छ । सत्ताधारी पार्टीका नेताहरूले यो भूभाग नेपालको हो सम्म त भनेका छन् । तर, यो विषयलाई अन्तर्राष्ट्रियकरण गर्ने कुराको र जनताले सडकमा उत्रेर भारत सरकारलाई दवाब दिनु पर्छ भन्ने कुराको पनि विरोध गरेका छन् ।

संसदको प्रमुख प्रतिपक्षी पार्टी नेपाली कांग्रेसले आन्दोलनको आँधीबेरी सृष्टि गरेर ओली सरकार र भारतको मोदी सरकारलाई आछु आछु पार्नु पर्ने हो । तर यो पार्टी आफैभित्रको खिचातानी र झिना मसिना कुरा मै सीमित छ । यसले प्रतिपक्षको भूमिका पुरा गर्न सकेको छैन ।

अन्य पार्टीहरूको पनि उल्लेख्य भूमिका देखिन्न । तिनीहरूको सडक संघर्षमा खासै भूमिका देख्न सकिएको छैन ।

नेकपा (क्रान्तिकारी माओवादी) द्वारा निर्देशित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको नेतृत्व र पहलमा नेपालको वास्तविक सिमानाको नक्सा, नेपाल सरकारले प्रयोग गर्ने गरेको नक्सा, भारतले प्रकाशित गरी वितरण गरेको नक्सासहित विरोध जुलुस, विरोध सभा, नेपाल र भारतका प्रधानमन्त्रीहरूलाई ज्ञापन पत्र दिने आदि कार्यक्रम गरिरहेको छ । कार्यक्रममा जनसहभागिता बढ्दै गएको देखिन्छ । सरकारले यो मोर्चाका दर्जनौ नेता र कार्यकर्तालाई गिरफ्तार गरेर प्रहरी हिरासत र जेलमा थुनेर झुठा मुद्दामा फसाउने जाल बुनिरहेको छ । दमनको पनि सबैतिर विरोध भै रहेको छ ।

यसरी भारत सरकारको अतिक्रमणका विरुद्ध संघर्ष गर्न देश एक ढिक्का भएको अवस्थामा अविलम्ब राष्ट्रिय स्वाधीनताको रक्षाका लागि सकृय पहल लिनु पर्नेमा ओली सरकार आश्चर्यजनक रूपमा मौन धारण गरेर बसेको छ । ओली सरकार देशको एउटा ठूलो भूभागमा भैरहेको नांगो अतिक्रमणको विरोधमा प्रदर्शन गरिरहेका युवाहरूमाथि दमन गर्न प्रहरी परिचालन गरिरहेको छ । संघर्षमा उत्रिएका हाम्रो पार्टीका नेता, कार्यकर्तालाई धरपकड गरेर जेलहाल्ने र झुठा मुद्दा लगाउने धन्दामा लागेको छ । दशौं लाख देशभक्त नेपाली जनता देशमाथि भैरहेको अतिक्रमणका विरुद्ध दबाब सिर्जना गर्नका लागि सडकमा ओर्लनु पर्ने अहिलेको अवस्थामा यो सरकार जनतामाथि नै दमन गर्न उत्रिन्छ भने यसको अर्थ के हुन्छ ? यसले कसलाई फाइदा पुऱ्याउँछ त ? कुरा प्रष्ट छ ।

भारतको रवैया

नेपालमा भारतीय अतिक्रमणका विरुद्ध जनता आन्दोलित भैरहेका छन् भन्ने कुराको भारत सरकारलाई राम्रोसँग जानकारी छ । ज्ञापन पत्रहरू पनि नेपालबाट गैरहेकै छन् । पहिलेदेखि सीमा अतिक्रमणदेखि लिएर, असमान सन्धि सम्झौता र हस्तक्षेपको पनि विरोध गर्दै आएका नेपाली जनता पछिल्लो नक्कली नक्सा प्रकरणबाट भारत सरकारसँग असन्तुष्ट र आक्रोसित हुँदै गएका छन् भन्ने कुरा पनि भारत सरकारले बुझेको छ । यो हुँदाहुँदै पनि त्यसले आफ्नो योजनाबाट पछि हट्ने कुनै संकेत देखाएको छैन । भारतीय प्रधानमन्त्री मोदी एक शब्द पनि यस सम्बन्धमा बोलिरहेका छैनन् । परराष्ट्र सचिव वा मन्त्रालयको कर्मचारी मार्फत् भारतले कसैको जमिन नमिचेको आफ्नो भएको भूभागको मात्र नक्सा प्रकाशित गरेको बयान दिइरहेको छ । केही दिन अघि उत्तराञ्चलका मुख्यमन्त्री त्रिवेन्द्र सिंह रावतले कालापानी भारतको अभिन्न अंग हो र भविष्यमा पनि रहिरहने छ भनी बयान दिएका थिए । केही वर्षअघि भारतका राजदुत रहेका र भारत सरकारले नेपाल विज्ञका रूपमा प्रचार गर्दै आएका केभी राजनले एउटा भारतीय अंग्रेजी दैनिक पत्रिकामा दिएको अन्तर्वार्ताको हवाला दिँदै नेपालीहरूले आफ्नो माटोबाट भारतीय सेना फिर्ता गराउन र गलत नक्सा सच्याउनका लागि उठाएको आवाजलाई "मूर्खता सावित नहोस्" भन्ने चेतावनी दिएको खबर नेपाली अनलाइन मिडियामा छ्याप् छ्याप्ती आइरहेको छ । यी सबै घटनाक्रमबाट के स्पष्ट हुन्छ भने भारतले नेपालको भूभाग स्थायी रूपमा कब्जा गर्ने मनसायबाट नै यो कामलाई अघि बढाएको हो । मोदी सकारको यो सुनियोजित योजना हो । त्यसबाट उनीहरू सजिलै पछि हट्ने लक्षण देखिएको छैन ।

यदि कसैले सहज रूपमा भारतले यो भूभाग छाडिहाल्छ कि कालापानीबाट भारतीय सेना फिर्ता लगिहाल्छ कि भन्ने सोचेको छ भने त्यो महाभूल हुनेछ, त्यो फगत एउटा मूर्खता मात्र हुनेछ । यसको अर्थ के हामीले आफ्ना भूभाग फिर्ता लिनै सक्दैनौं त ? सक्छौं । निश्चय पनि सक्दछौं । हामीले यो काम गर्न सक्ने पर्दछ । भन्न खोजिएको के मात्र हो भने यसको निमित्त हाम्रो योजना पनि उच्च र व्यापक प्रकारको हुनु पर्छ, सशक्त हुनु पर्छ, जसले भारत सरकारलाई पछि हट्न, आफ्नै ठाउँमा जान वाध्य गराओस् ।

उत्तरको छिमेकी चीनको भूमिका

हाम्रो दक्षिणको छिमेकीको भूमिकाको विषयमा माथि नै उल्लेख गरिसकिएको छ । केही समय पहिले हाम्रो उत्तरतिरको छिमेकी चीन सरकारको तर्फबाट वक्तव्य आएको छ । सितीमिती र हतारो गरेर वक्तव्य दिइनहाल्ने चीन सरकारको विदेश मन्त्रालयले आधिकारिक वक्तव्य जारि गर्दै "दुई देशका सरकारहरूले यस विषयमा आपसमा वार्ता गरी शान्तिपूर्ण किसिमले सिमानाको समस्या समाधान गर्नु पर्छ" भन्ने सुझाव दिएको छ । भारत सरकारले यतिबेलासम्म वार्ताद्वारा समस्या समाधान गर्ने विषयमा तत्परता नदेखाइरहेको बेलामा यत्तिको वक्तव्य चीनबाट आउनु नेपालका लागि सकारात्मक नै हो । यसबाट चीन यस विषयमा बेखबर छैन भन्ने कुराको पनि औपचारिक रूपमा जानकारी गराउन खोजेको जस्तो पनि देखिन्छ । देशको सार्वभौमिकता र अखण्डता नै खतरामा परेको बेलामा नेपाल सरकार आफैंले मित्र राष्ट्रहरूको समर्थन लिने प्रकृया अघि बढाउनु पर्ने, यस विषयलाई अन्तर्राष्ट्रियकरण गरेर आफ्नो पक्ष बलियो बनाउनु पर्ने हो । तर यो सरकारमा भएका जिम्मेवार मानिसहरू झोक्राएर मात्र बसिरहेको अवस्थामा चीन सरकारबाट यो वक्तव्य आउनु राम्रै कुरा हो । यसलाई सकारात्मक रूपमा लिनु पर्छ । तर यो अवस्थाबाट अलिकती भनेपनि फाइदा उठाएर भारतीय प्रधानमन्त्रीसँग नेपालका प्रधानमन्त्रीको वन् टू वन् वार्ताको पहल अघि बढाउनु पर्नेमा यो सरकार किन कानमा तेल हालेर बसिरहेको छ , त्यो चाहिँ बुझि नसक्नु भएको छ ।

संगीन आरोप !

गत मंसिर ७ गते पोखरामा एउटा चुनावी सभालाई सम्बोधन गर्दै प्रमुख प्रतिपक्षी दलका शिर्ष नेता र पूर्व प्रधानमन्त्री शेर बहादुर देउवाले प्रधानमन्त्री केपी ओलीमाथि संगीन आरोप लगाएका छन् । उनले 'हाम्रो देशको लिम्पियाधुरा, कालापानी र लिपुलेक भारतमा गाभेर भारत सरकारले ओलीजीसँग सल्लाह गरेर नै नक्सा तयार पारेको' आरोप लगाए । यो आरोप एउटा देशद्रोही र राष्ट्रलाई धोका दिने विश्वासघातीलाई लगाइने आरोप हो । यदि यो आरोप पुष्टि हुन्छ भने उनले प्रधानमन्त्री पदमा रहन मिल्दै मिल्दैन, उनीमाथि मुद्दा चलाएर कठोरभन्दा कठोर सजाय दिनुपर्ने हुन्छ । तर, उही पार्टीका अन्य नेताहरू भन्दैछन्, "यो देउवाजीको निजी विचार हो ।" यस्तो महत्वपूर्ण विषयलाई निजी विचार भनेर त्यत्तिकै छाडिदिन मिल्छ ? मिल्दैन । यदि यो विषय गलत हो भने देउवामाथि कारवाही हुनु पऱ्यो । पहिलो कुरा त प्रमुख प्रतिपक्षी दलका शिर्ष नेता, दोस्रो, चार चारपटक प्रधानमन्त्री भै सकेका मानिस । ख्याल ठट्टा मै यस्तो संगीन आरोप लगाएका होलान् भनेर हँसी मजाकमा उडाइदिन मिल्छ ? सायद, यो संसदीय व्यवस्थाको ठुलो देन नै होला ? यसबाट यो व्यवस्था कति अविश्वसनीय र पाखण्डी रहेछ भन्ने कुराको पुष्टी हुँदैन र ?

केही बुँदागत सुझावहरू

सबै भन्दा महत्वपूर्ण विषय हो : भारतीय सेनालाई कालापानीबाट हटाउनु र भारतले लिम्पियाधुरा, कालापानी र लिपुलेकलाई गाभेर बनाएको नक्सालाई खारेज गराउनु । यसका निमित्त तत्कालै निम्न लिखित कदम चालेर अघि बढनु आवश्यक छ :

(१) विद्यमान समस्याको समाधान भारत सँग युद्ध गरेर हुँदैन । युद्धद्वारा समस्या हल गर्नुपर्छ भन्ने हाम्रो भनाइ होइन । यो समस्यालाई युद्धभन्दा भिन्न तरिकाले समाधान गरिनु पर्दछ ।

(२) नेपालले आफैंले लिम्पियाधुरा, कालापानी र लिपुलेक सहितको नक्सा बनाउनु पर्छ । यसका साथै सुस्ता, महेशपुर लगायत सीमा मिचिएका सबै ठाउँको आफ्नो भूभाग स्पष्ट झल्कने गरी नक्सा प्रकाशित गरिहाल्नु पर्दछ । यसबाट सबै तिर हाम्रो दावीको पुष्टि हुन्छ ।

(३) नेपाल सरकारले कूटनीतिक पहललाई अविलम्ब अघि बढाउनु पर्दछ । यसका निमित्त यो सरकारले भारतीय समकक्षी प्रधानमन्त्री स्तरमा वार्ता गर्न तिथि मिति अविलम्ब तय गरिहाल्नु पर्दछ । अन्य तहमा गरिने वार्ताको कुनै औचित्य छैन, त्यो केवल समय लम्ब्याउने चाल मात्र हुनेछ ।

(४) प्राप्त जानकारी अनुसार लिपुलेक -कालापानी-लिम्पियाधुरा क्षेत्रमा नेपालको सुरक्षा निकायको उपस्थिति लगभग सुन्य बराबर छ । जबकि हरेक चार किलो मिटरको दुरीमा भारतीय प्रहरी, सीमा सुरक्षाबल र सेनाका बाक्लो उपस्थिति छ । यस क्षेत्रमा भारतको सुरक्षा निकायको उपस्थिति दश हजार छ । त्यसकारण, नेपाल सरकारले पनि सुरक्षाका तीनै निकायलाई भारत सरकारले गरेकै अनुपातमा परिचालन गर्नु पर्छ ।

(५)यो विषयलाई अविलम्ब अन्तर्राष्ट्रिय मंचमा लैजानु पर्दछ । यसका निमित्त संयुक्त राष्ट्रसंघ र अन्तर्राष्ट्रिय अदालत, हेगमा यो विषयलाई लैजाने पहल चाँडोभन्दा चाँडो गरिहाल्नु पर्दछ । यस विषयमा मित्र राष्ट्रहरूसँग वार्ता, छलफललाई पनि अघि बढाइहाल्नु पर्दछ ।

(६) देशभित्र देशभक्तिपूर्ण आन्दोलन व्यापकरूपमा संचालन गर्नुपर्छ । लाखौं देशभक्त नेपाली जनतालाई सडकमा उतार्नु पर्दछ । यसले भारतमाथि ठुलो दवाब सिर्जना गर्न सक्दछ । जनदबाब सिर्जना नगरिकन भारत पछि हट्ने संभावना देखिँदैन ।

(७) रोजगारीका लागि विदेशिएका नेपाली युवाहरूलाई नेपाल बोलाउनु पर्दछ । देशमा संकट आउन लागेको बेलामा विदेशमा बसेर तमासा हेर्ने देशभक्त नेपालीहरूको दायित्व होइन । उनीहरू देशको अखण्डताको रक्षा गर्न देशमै आएर भूमिका खेल्नु पर्दछ । गैरआवासीय नेपाली संगठन ९ल्च्ल० ले पटक पटक दोहोरो नागरिकताको माग गरिरहेको छ । उनीहरूका लागि यो एउटा परीक्षा बन्न गएको छ । उनीहरू आवश्यकता पर्दा देशको सार्वभौमिकता र अखण्डताका लागि भूमिका खेल्न तयार छन कि छैनन् ?

(८) आवश्यकता अनुसार नेपाली युवाहरूको सेनामा भर्ति खोलीदिनु पर्दछ । देशको निमित्त लड्न चाहने युवाहरूलाई अवसर दिनु पर्दछ । यसो गरियो भने हामी सैनिक क्षेत्रमा कमजोर छौं भन्ने हिनताबोधबाट हामी माथि उठ्न सक्दछौं । जनस्तरबाटै सेनाको आपूर्ति गर्न सकिन्छ ।

उपरोक्त सबै कार्यहरूलाई सक्रियता र तदारुकताका साथ अघि बढाउनु पर्दछ । हामी सत्य र न्यायको पक्षमा छौं । विजय नेपाल र नेपाली जनताको हुनेछ ।

*(देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले मंसिर २० गते कास्कीको पोखरमामा मोर्चाको गण्डकी प्रदेशले आयोजना गरेको 'नेपालको राष्ट्रिय स्वाधीनता' विषयक अन्तर्क्रिया कार्यक्रममा प्रस्तुत गर्नुभएको कार्यपत्रमा आधारित)*

# मार्क्सवादको संरक्षण र विकासको कुरा



● कृष्णदास श्रेष्ठ ●

*मार्क्सवादको विकास हुने हो भने, त्यसको सो विकास त्यसको आफ्नै आधारमा हुनुपर्छ । त्यसको विकास गर्ने काममा पूरा गर्नु पर्ने सबभन्दा प्राथमिक पूर्वशर्त के हो भने त्यसमा थपिने कुरो मार्क्सवादसम्मत हुनुपर्छ र त्यो मार्क्सवादको आधारमा निकालिने व्यावहारिक अनुभवको, ऐतिहासिक अनुभवको उचित निचोड हुनुपर्छ । त्यस सम्बन्धमा अर्को महत्वपूर्ण कुरो के छ भने मार्क्सवादको विकासको नाउँमा थपिने कुनै पनि प्रस्थापना पूरै रूपले तर्कसंगत हुनुपर्छ । यो शर्त एकदमै महत्वपूर्ण छ, किनभने तार्किकताबिनाको कुनै पनि धारणा कदापि ग्रहण-योग्य हुन सक्दैन*

वर्तमान समयमा कुनै पनि मुलुकका कम्युनिस्ट पार्टी र कम्युनिस्टहरू मार्क्सवादलाई आफ्नो कार्यमा निर्देशक सिद्धान्तको रूपमा मान्ने गर्छन, र त्यही अनुसार उनीहरू त्यसप्रति आफूहरू निष्ठावान रहेको बताउँछन् । सिद्धान्त प्रतिको तिनीहरूको निष्ठा मुख्य रूपमा दुई ढङ्गबाट व्यक्त हुने गरेको पाइन्छ – जडसूत्रवादी ढङ्गबाट र सिर्जनात्मक ढङ्गबाट । यही यथार्थ तथ्यको आधारमा स्टालिनले दुई खालको मार्क्सवाद रहेको बताएका छन् – जडसूत्रीय मार्क्सवाद र सिर्जनात्मक मार्क्सवाद ।

मार्क्सवादप्रति निष्ठा व्यक्त हुने तरिका त्यसप्रतिको दृष्टिकोणसित सम्बन्धित सवाल हो । मार्क्स, लेनिन, माओ आदिबाट धेरै पहिले निकालिएका निष्कर्षहरूलाई शाश्वत सत्यको रूपमा लिनु र ती सदासर्वदा साँचो रहन्छन् भन्ने ठान्नु कदापि मार्क्सवादसम्मत कुरा होइन । मार्क्सवादका समर्थकहरूमध्ये कोही कोहीमा कस्तो प्रवृत्ति देखिएको छ भने वास्तविक सामाजिक प्रक्रियाहरूको अध्ययन र विश्लेषण गर्नुको साटो मार्क्स, लेनिन आदिका भनाइहरूलाई तिनको ऐतिहासिक सन्दर्भबाट अलग पारेर तिनलाई आफ्नो भनाइसित मिल्दो पार्न गलत व्याख्या गरिन्छ । वास्तविक तथ्यहरूको आधारमा सत्यको खोज गर्नुको सट्टामा, सूत्रहरूको मद्दतबाट तर्क गर्नु र मार्क्सवादलाई धार्मिक सूत्रहरूको समाष्टिको रूपमा व्यवहार गर्नु एउटा जडसूत्रवादी तरिका हो । मार्क्स, लेनिनका निष्कर्षहरूलाई ती कुन परिस्थिति र वातावरणको परिप्रेक्षमा निकालिएका हुन् त्यसको बेवास्ता गरिएमा र ती परिवर्तित परिस्थितिमा पनि लागू रहन्छन् भनी सोचिएमा त्यो शुद्ध जडसूत्रवाद हुनेछ । उपरोक्त जडसूत्रवादी तरिका र ती निष्कर्षलाई अभिनिर्देशको (चभाभचभलअभ) रूपमा प्रयोग गर्ने तरिका एकदमै फरक कुरा हुन् । “मार्क्सवाद कुनै जडसूत्र होइन ........” भन्ने भनाइले त्यसको मार्क्सवाद-विरोधी रूपलाई स्पष्टसित संकेत गर्दछ, र मार्क्सवादका संस्थापकहरूले त्यसको दृढ रूपमा विरोध गरेका छन् । धेरै पहिले नै मार्क्सले भनेका थिए : “हामी कुनै जडसूत्रवादी झण्डा नउठाऔं भन्ने मेरो प्रस्ताव छ ।” (मार्क्स र एन्जेल्स, “संकलित रचनाहरू”, भाग १, पृष्ठ ४१६)

यहाँ एउटा प्रश्न उठ्दछ : मार्क्सवादको संरक्षण गर्नु भन्नाले हामीले के बुझ्नुपर्छ ? के त्यसको अर्थ मार्क्स, एन्जेल्स, लेनिन, स्टालिन र माओले जे जति लेखेका छन् र आ-आफ्नो समय र परिस्थितिको परिप्रेक्ष्यमा जे जस्ता निष्कर्षहरू निकालेका छन्, ती सबैलाई शाश्वत सत्य मानेर ग्रहण गर्नु हो ? यदि त्यसप्रति निष्ठाको नाउँमा कसैले त्यस गर्छ, त्यो वास्तविक संरक्षण नभएर यान्त्रिक नक्कल वा अन्धविश्वास मात्र हुनेछ ?

त मार्क्सवादको संरक्षण भन्नाले कुन कुरालाई जनाउँछ ? त्यसको वास्तविक अर्थ मार्क्सवादको सर्वव्यापी सत्यको समर्थन र संरक्षण हो, जुन त्यसका आधारभूत सिद्धान्तहरूमा निहित रहेको छ । ती त्यस्ता सिद्धान्त हुन्, जसलाई हर समयको विद्यमान, ठोस विकासमा देखापर्ने नयाँ समस्याहरूको उचित समाधान निकाल्नमा लागू गर्न सकिन्छ । ती त्यस्ता सिद्धान्त हुन्, जसले संसारलाई बुझ्ने र बदल्ने कार्यमा वैज्ञानिक साधनको काम गर्छन । उक्त सिद्धान्तहरूको मूल आधार भनेका त्यसका दार्शनिक विश्व-दृष्टिकोण र विधिशास्त्र हुन्, जुन हाम्रो जमानाको महान वैज्ञानिक सत्य रहेको छ । उक्त सत्यप्रति दृष्टिकोण (बततष्तगतभ) सबभन्दा मुख्य तत्व हो जसको आधारमा जो कोहीको त्यसप्रतिको निष्ठाको जाँच गरिनुपर्छ । अर्थात् मार्क्सवादको संरक्षण र विकासलाई उपरोक्त विश्व-दृष्टिकोण र विधिशास्त्रको केन्द्रबिन्दुबाट हेरिनुपर्छ, र यहीबाट नै कसैको निष्ठाको जाँच हुनुपर्छ ।

हाम्रो मुलुकमा मार्क्सवादको संरक्षणको सवाल हामी नेपाली कम्युनिस्टहरू सामु रहेको एउटा जल्दो सवाल हो । यो नेपाली कम्युनिस्ट आन्दोलनमा सैद्धान्तिक चिन्तनको क्षेत्रमा व्याप्त रूपमा फैलिएका संशोधनवादी, अवसरवादी र अन्य गैर-सर्वहारा प्रवृत्तिहरूको विरुद्ध दृढ सङ्घर्ष चलाउने, आम कम्युनिस्ट तथा क्रान्तिकारीहरूलाई त्यसको प्रभावबाट मुक्त पार्ने, र त्यसभित्र मार्क्सवादलाई स्थापित गर्ने सवाल हो । हाम्रो आन्दोलनभित्र जम्मा भएका फोहरहरूलाई मार्क्सवादी कुचोले बढारेर नपठाएमा, तिनले त्यसलाई नराम्ररी प्रभाव पारिरहेका हुन्छन् । यो सवाल कम्युनिस्ट आन्दोलनलाई पुँजीवादी सुधारवाद, र उदारतावादको धापमा पार्न चलिआएको दुष्प्रयासलाई विफल पार्ने सवाल हो । मार्क्सवादी सत्यको स्थापना, संरक्षण र विजय संशोधनवादी तथा अवसरवादी झुटहरूको विरुद्ध सङ्घर्षमार्फत हुनसक्ने एउटा सुविदित तथ्य हो ।

संशोधनवाद र अवसरवाद विरुद्ध सङ्घर्षमा सहभागितामार्फत मार्क्सवादप्रति निष्ठा व्यक्त हुने तरिका एउटा प्रतिरक्षात्मक तरिका हो, अर्थात् यसको उद्देश्य मार्क्सवादका आधारभूत सिद्धान्तहरूप्रति फैलाइएको भ्रम तथा अपव्याख्याको पर्दाफास गरी त्यसलाई स्पष्ट पार्नु, वा त्यसप्रति कसैबाट उठाइएका विरोधको जवाफमा त्यसको औचित्यलाई सावित गर्नु हो । मार्क्सवादका सिद्धान्तलाई विकृत रूपमा प्रस्तुत गर्ने, त्यसको भ्रष्टीकरण गर्ने, वा त्यसको गलत व्याख्या गर्ने प्रयासहरूको स्थितिमा, उपरोक्त कार्य निश्चय पनि आवश्यक र उपयोगी छ, तर त्यसको क्रियाशीलता सीमित खालको रहन्छ, अर्थात् सो कार्य त्यसलाई धान्न सक्ने खालको रहँदैन । कुनै पनि सिद्धान्तको वास्तविक संरक्षण र त्यसको जीवन्तताको प्रमाणीकरणका लागि प्रतिरक्षात्मक तरिका मात्र पर्याप्त रहँदैन । त्यसको लागि अर्को तरिकाको आवश्यकता रहन्छ, र त्यो हो सिर्जनात्मक तरिका, कामकाजी तथा प्रगतिशील तरिका । मार्क्सवादी सिद्धान्तको मामिलामा, त्यसको अर्थ र तात्पर्य हो वर्तमान समयका ठोस अवस्थाहरूको वैज्ञानिक व्याख्या-विश्लेषण गर्नमा र त्यसले प्रस्तुत गरेका नयाँ समस्या र अभिभाराहरूलाई सम्बोधन गर्न र तिनको समाधानको उपाय निकाल्नमा मार्क्सवादी दृष्टिकोण र विधिशास्त्रको उचित रूपमा प्रयोग गर्नु ।

यहाँ कुन कुरा ध्यानयोग्य छ भने मार्क्सवादको सिर्जनात्मक प्रयोगको सबभन्दा प्रमुख पक्ष वर्तमान समयका ठोस, वस्तुगत अवस्थाहरूको अध्ययन तथा विश्लेषणमा, राजनीतिक-व्यावहारिक सङ्घर्षमा उत्पन्न समस्याहरूको समाधानमा मार्क्सवादी (द्वन्द्वात्मक भौतिकवादी) तरिकाको प्रयोग गर्नु हो, जसले गर्दा सम्बन्धित विषयबारे वैज्ञानिक समझदारी र समाधानको सही उपाय हासिल गर्न सकिनेछ । अर्को शब्दमा, यहाँ मार्क्सवादीहरूले आफ्नो मुलुकको क्रान्तिकारी आन्दोलनको ठोस यथार्थतासित मार्क्सवादी सिद्धान्तलाई एकजुट पार्नु सबभन्दा प्रमुख कुरा हो, जसले गर्दा मार्क्सवादले सम्बन्धित मुलुकको माटोमा जरा गाड्न र मूर्त रूप लिन सक्नेछ ।

क्रान्तिको ठोस यथार्थतासित मार्क्सवादी सिद्धान्तलाई एकजुट पार्नु, त्यसको उचित प्रयोग गर्नु भनेको त्यसको जीवन्तता र परिवर्तनकारी शक्तिलाई अभिव्यक्ति प्रदान गर्नु हो । त्यसका साथै, व्यवहारमा प्राप्त हुने नयाँ अनुभवहरू र ज्ञानबाट सिक्दै र त्यसबाट सही निचोडहरू निकाल्दै मार्क्सवादलाई समृद्ध र विकसित गर्दै जानु त्यसप्रतिको निष्ठाले अपेक्षा गर्ने कुरा हो । लेनिन र माओले आ-आफ्नो मुलुकको क्रान्तिको यथार्थतामा त्यसलाई ठीकसित लागु गर्दै र क्रान्तिकारी व्यवहारमा प्राप्त अनुभवबाट नयाँ निष्कर्षहरू निकाल्दै त्यसलाई समृद्ध र विकसित गरेका थिए । ऐतिहासिक यथार्थता र त्यसको विकाससित मार्क्सवादलाई एकजुट पार्नु नै त्यसप्रतिको सच्चा निष्ठा हो ।

समाज गतिशील र परिवर्तनशील छ, इतिहास एक युगबाट अर्को युगमा संक्रमण गर्दै अघि बढ्छ, युगमा हुने परिवर्तनसँगै नयाँ परिस्थिति पैदा हुन्छन्, र त्यसैले मार्क्सवादको लागि बदलिँदो परिस्थितिसित आफूलाई समायोजित गर्न आफ्नो विकासको आवश्यकता पर्दछ, र त्यस ढङ्गबाट मार्क्सवादको विकास हुँदै आएको हामीले देखेका छौं । तर, विकासको अर्थ मार्क्सवादी प्रस्थापनालाई जथाभावी ढङ्गले अर्थ्यायिनु, वा आफूलाई मनलागेको विचार वा धारणा त्यसमा थप्नु, वा मार्क्सवाद विपरित कुरा ल्याएर त्यसमा घुसाउनु कदापि होइन, जुन कुरा अहिले हाम्रो सैद्धान्तिक, फाँटमा भइरहेको हामी देखिरहेको छौं । हाम्रो मुलुकमा आफूलाई मार्क्सवादी सिद्धान्तकार ठान्ने कतिपयले त्यसमा पुँजीवादी, वा निम्न-पुँजीवादी धारणा घुसाएर त्यसको विकृतीकरण वा सारसंग्रहवादीकरण गर्न खोजिरहेका छन् । त्यस्ता तत्व भनेका मुख्य रूपमा हाम्रो कम्युनिस्ट आन्दोलनभित्रका संशोधनवादी र अवसरवादीहरू हुन् । उक्त तत्वहरूले आफ्ना उदार-सुधारवादी राजनीतिलाई अघि बढाउन मार्क्सवादको विकासको नाउँमा उपरोक्त खालको काम गरिरहेका छन् । स्पष्ट छ, तिनीहरूको त्यस्तो कार्यबाट हुने कुरा मार्क्सवादको विकास होइन, बरु पुँजीवादी उदारतावाद र सुधारवादमा त्यसको अधपतन हो ।

मार्क्सवादको सिद्धान्त आकस्मिक रूपमा पैदा भएको कुनै चीज होइन । त्यो त इतिहासको उपज हो । इतिहासको उपजको रूपमा त्यसको विकास इतिहासको विकाससँगसँगै हुनै पर्छ । समय र परिस्थितिमा निरन्तर भइरहने परिवर्तनहरूसित मार्क्सवादलाई समायोजित गर्न त्यसको विकास हुनु एउटा अनिवार्य आवश्यकता हो । त्यसो भएन भने, त्यो एउटा जड वस्तु बन्नेछ । इतिहासको विकासको सिलसिलामा देखापर्ने नयाँ ऐतिहासिक तथ्यहरूलाई पहिले स्थापित निष्कर्षसित मिलाउन त्यसको तोडमरोड गर्नु कदापि उचित हुन्न, बरु ती तथ्यहरूको आधारमा निस्कने नयाँ निष्कर्षहरूलाई आत्मसात् गर्दै त्यसको विकास गर्नुपर्दछ । सामाजिक जीवनमा उत्पन्न हुने गम्भीर तथा जटिल समस्याहरूलाई मार्क्सवादीहरूले आलटाल गरेर पन्छाउने कदापि गर्नु हुन्न, बरु तिनीहरूले त्यस्ता समस्याहरूको पहिचान गर्ने, तिनलाई सम्बोधन गर्ने र तिनको समाधान पत्तालाउने गर्नुपर्छ । त्यसको लागि तिनीहरूले वस्तुगत यथार्थताको गहन रूपमा अध्ययन गर्ने र मानवजातिले प्राप्त गरेका कामलाग्दो ज्ञानलाई आत्मसात गर्नु आवश्यक छ ।

यदि मार्क्सवादको विकास हुने हो भने, त्यसको सो विकास त्यसको आफ्नै आधारमा हुनुपर्छ । त्यसको विकास गर्ने काममा पूरा गर्नु पर्ने सबभन्दा प्राथमिक पूर्वशर्त के हो भने त्यसमा थपिने कुरो मार्क्सवादसम्मत हुनुपर्छ र त्यो मार्क्सवादको आधारमा निकालिने व्यावहारिक अनुभवको, ऐतिहासिक अनुभवको उचित निचोड हुनुपर्छ । त्यस सम्बन्धमा अर्को महत्वपूर्ण कुरो के छ भने मार्क्सवादको विकासको नाउँमा थपिने कुनै पनि प्रस्थापना पूरै रूपले तर्कसंगत हुनुपर्छ । यो शर्त एकदमै महत्वपूर्ण छ, किनभने तार्किकताबिनाको कुनै पनि धारणा कदापि ग्रहण-योग्य हुन सक्दैन ।

## पोखरामा देजमोको वृहत् अन्तरक्रिया भव्य रूपमा सम्पन्न



पोखरा । नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल गण्डकी प्रदेशले आयोजना गरेको ‘नेपालको राष्ट्रिय स्वाधीनता’ विषयक वृहत् अन्तर्क्रिया कार्यक्रम शुक्रबार भव्य रूपमा सम्पन्न भएको छ । कार्यक्रममा क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य समेत रहेका देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेलले ‘नेपालको राष्ट्रिय स्वाधीनता’ शीर्षकको कार्यपत्र पेश गर्नुभएको थियो । अध्यक्ष गजुरेलको कार्यपत्रमाथि प्रा.डा. कृष्ण केसी, बरिष्ठ अधिवक्ता तिलक पराजुली, प्राध्यापक भवानी पाण्डे, वामपन्थी बुद्धिजीवी एवम् डबल नेकपाका नेता झलकपाणी तिवारी, वामपन्थी बुद्धिजीवी एवम् इतिहासकार रामराज रेग्मी, नागरिक अभियन्ता एवम् उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष आनन्दराज मुल्मी, वामबुद्धिजीवी शेषमणि आचार्यलगायतका व्यक्तित्वहरूले टिप्पणी गर्नुभएको थियो ।

टिप्पणीकारहरूले कार्यपत्रमा नेपालको राष्ट्रिय स्वाधीनताको विषयमा महत्व विषयहरू प्रस्तुत भएको उल्लेख गर्दै राष्ट्रिय स्वाधीनताको रक्षाका लागि दलगत स्वार्थभन्दा माथि उठेर सबै सच्चा देशभक्त नेपालीहरू एकताबद्ध भएर भारतीय हस्तक्षेपका विरुद्ध आन्दोलित हुनुपर्ने विचारहरू प्रस्तुत गर्नुभएको थियो ।

अन्तर्क्रिया कार्यक्रमका प्रमुख अतिथि समेत रहनु भएका अध्यक्ष गजुरेलले टिप्पणीकारहरूले आफ्नो विचार प्रस्तुत गरिसकेपछि सुझाव तथा टिप्पणीका लागि विशेष धन्यवाद ज्ञापन गर्दै राष्ट्रिय स्वाधीनताका लागि सबै सच्चा देशभक्त नेपालीहरू एकताबद्ध भएर आन्दोलित हुनुको विकल्प नरहेको चर्चा गर्दै वृहत् राष्ट्रिय स्वाधीनता आन्दोलनको आवश्यकता औल्याउनु भयो र समाजका सबै पक्षलाई राष्ट्रिय स्वाधीनताको आन्दोलनमा आउन आव्हान समेत गर्नुभयो ।

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल गण्डकी प्रदेशका अध्यक्ष केशबहादुर परियारको अध्यक्षमा सम्पन्न भएको अन्तर्क्रिया कार्यक्रमको सञ्चालन युवा नेता नारायण अधिकारीले गर्नुभएको थियो ।

कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का पीवीएम तथा गण्डकी प्रदेश इन्चार्ज चन्द्रहरि सुवेदी, उल्लेखित टिप्पणीकर्ताहरू लगायत बरिष्ठ मानवअधिकारकर्मी तथा वाम बुद्धिजीवी टेकनाथ बराल, वाम बुद्धिजीवी पूर्ण ढुंगाना, नागरिक अभियन्ता विश्व सिग्देल, सहकारी अभियन्ता संगीत गौतम, बरिष्ठ साहित्यकार नारायण परिश्रमी, प्राध्यापक यादवराज उपाध्याय, समाजवादी पार्टीका नेता किरण थापा, संघीय लोकतान्त्रिक लिम्बुवान परिषद् अन्तर्गत तमुवान राष्ट्रिय मञ्च, नेपालका नेता गजेन्द्र लिम्बु, वाम बुद्धिजीवी भक्त रसाइली, प्राध्यापक परशुराम कोइराला, क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्यहरू रामजी थापा, निलबहादुर पुन, बाबुराम सुवेदी लगायतका व्यक्तित्वहरू अतिथिको रूपमा कार्यक्रममा उपस्थित हुनुहुन्थ्यो ।

विहान साढे ११ बजे सुरु भएको अन्तर्क्रिया कार्यक्रम साढे ४ बजे सम्पन्न भएको थियो । पोखराको रामबजार स्थित लक्ष्मी पार्टी प्यालेसमा भएको कार्यक्रममा स्थानीय जनसमुदायको समेत बाक्लो उपस्थिति रहेको थियो ।

कार्यक्रमको ब्यानरमा ‘राष्ट्रिय स्वाधीनताका रक्षा गरौं, कालापानी क्षेत्रबाट भारतीय सेना फिर्ता गर, लिम्पियाधुरा हाम्रो हो, लिपुलेक हाम्रो हो, सम्पूर्ण देशभक्तहरू एकजुट होऔं’ भन्ने नाराहरू लेखिएका थिए ।

## बाँके जिल्ला सदस्य इतिहासको श्रद्धाञ्जली कार्यक्रम सम्पन्न

नेपालगञ्ज । नेकपा (क्रान्तिकारी माओवादी) बाँके जिल्लाका सदस्य कर्णबहादुर कामी इतिहासको श्रद्धाञ्जली कार्यक्रम सम्पन्न गरिएको छ । ७२ वर्षीय इतिहासको केही दिन पहिले निधन हुन पुगेको थियो । क्रान्तिकारी माओवादी बाँकेको आयोजनामा भएको श्रद्धाञ्जली कार्यक्रममा पार्टीका पीवीएम तथा बाँके बर्दिया इन्चार्ज संकुलले इतिहासले पार्टी र क्रान्तिमा पुऱ्याएको योगदानको चर्चा गर्दै श्रद्धाञ्जली मन्तव्य व्यक्त गरेका थिए । पार्टीका जिल्ला सचिव पिटीले सञ्चालन गरेको कार्यक्रममा पार्टी केस अर्जुनले पनि श्रद्धाञ्जली मन्तव्य राखेका थिए । कार्यक्रम दिवंगत इतिहासकै निवासमा सम्पन्न भएको थियो ।

## ‘सबै मृत्यु हृदयविदारक हुन्छन्’

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)ले संगठनका महासचिव पेशल दाहालको छोरा प्रज्वल दाहालको श्रद्धाञ्जली कार्यक्रमको आयोजना गऱ्यो । ४ बर्षीय प्रज्वल दाहालको केही दिनअघि मुटुको उपचारको क्रममा निधन भएको थियो । मंसिर १८ गते कपनमा गरिएको उक्त श्रद्धाञ्जली कार्यक्रमलाई सम्बोधन गर्न क्रान्तिकारी माओवादीका महासचिव लगायत पार्टीका शीर्ष नेतृत्वहरू कार्यक्रम स्थल पुगे । कार्यक्रममा पार्टी महासचिव किरणले सबै मृत्यु हृदयविदारक हुने भन्दै मृतकका बुबा पेशल दाहाल लगायत शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गरे । उक्त श्रद्धाञ्जली कार्यक्रममा पार्टीका स्थायी समिति सदस्य तथा पार्टी प्रवक्ता हरिभक्त कँडेल, स्थायी समिति सदस्य रामसिंह श्रीस, पीवीएमहरू दिनेश शर्मा, राम आचार्य लगायतका नेताहरूको उपस्थिति रहेको थियो । कार्यक्रमको अध्यक्षता हरिकृष्ण गजुरेलले गरेका थिए भने सञ्चालन शिलु न्यौपानेले गरेकी थिइन् । कार्यक्रममा विद्यार्थी नेताहरू र परिवारका सदस्य तथा आफन्तहरूको बाक्लो उपस्थिति रहेको थियो ।

## भारतीय गोरखा सैनिकबारे

# बरिष्ठ पत्रकार विवेक शुक्ला लेख्छन्...



फील्ड मार्शल मानेकशा (भारतका आठौँ सेनाध्यक्ष–सं.) ले एकपटक गोर्खालीहरूको युद्ध क्षमताको बारेमा भनेका थिए, 'यदि कसैले मर्न डराउँदिन भन्यो भने या त उ झुटो बोलिरहेको छ, होइन भने त्यो गोर्खाली हुनुपर्छ ।' गोर्खाली सैनिकहरूको बहादुरीलाई यसभन्दा उच्च कुनै सम्मान मिल्न सक्दैन । अतुलनीय वीरताकै कारण भारतीय सेनामा उनीहरूलाई धेरै संख्यामा भर्ती लिने गरिएको छ । भारतीय सेनालाई शक्तिशाली बनाउनमा उनीहरूको ठूलो योगदान रहेको छ । तर निकट भविष्यमै भारतीय सेना गोर्खाली जवानबाट बञ्चित हुनसक्छ । यस्तो आशंका उठ्नुपर्ने कारण यो हो कि नेपाल सरकार आफ्ना गोर्खा जवानहरूलाई भारतीय सेनामा सामेल हुनबाट रोक्ने एक प्रस्ताबउपर विचार गरिरहेको छ । नेपालको एक संसदीय समितिले आफ्नो रिपोर्टमा भारतीय र ब्रिटिश सेनासहित कुनै पनि बाह्य सेनामा नेपाली गोर्खालीहरूलाई भर्तीमा रोक लगाउन जिकिर गरेको छ । (नेपालको कालापानी भूभागलाई भारतले आफ्नो राजनीतिक नक्सामा गाभेर १६ कार्तिक ०७६ मा प्रकाशित गरेपछि भारतीय सेनामा नेपालीहरूको भर्ती विषय बहसको रूपमा अहिले फेरि उठेर आएको छ-सं.।) यदि नेपाल सरकारले यस रिपोर्टलाई कार्यान्वयन गर्ने भयो भने भारतीय सेनाका लागि यो एउटा ठूलो क्षति हुनेछ । हाल भारतीय सेनामा गोरखा राइफल्स्मा करीब २५ हजार नेपाली गोर्खा सैनिक छन् । जम्मा हिसाब गर्दा गोरखा राइफल्स्मा नेपाली गोर्खालीहरूको संख्या ७० प्रतिशत छ । बाँकी ३० प्रतिशत संख्या देहरादून, दार्जिलिङ्ग र धर्मशालाका स्थानीय भारतीय गोर्खालीहरू भर्ती गरिएका छन् । यसका अतिरिक्त रिटायर्ड गोर्खाली जवान र असम राइफल्स्मा गोर्खालीको संख्या करिब एकलाख छ ।

मेजर जनरल शंकर प्रसादको भनाइ छ, 'भारतीय सेना र नेपाली गोरखाहरूका बीचको नाता अटुट छ । नेपाली गोर्खा सैनिकहरूले भारतलाई महान सेवा दिएका छन् । यिनीहरूको भर्तीका लागि प्रत्येक वर्ष भारतीय सेनाको तर्फबाट भर्ती क्याम्प आयोजित हुनेगरेको छ । सेनाका एक पेन्सन अधिकारी स्थायी रूपमा नेपालमा बसेर रिटायर्ड भएका नेपाली (गोर्खाली) सैनिक जवानहरूको पेन्सनसम्बन्धी विषयलाई हेर्ने र समाधान गर्छन् । ताजा स्थिति के छ भने हरेक वर्ष भारतीय सेना करिब १२ सयदेखि १३ सयसम्म नेपाली गोर्खाहरूलाई आफ्नो पंक्तिमा सामेल गर्छ । भारतीय सेनाको सेवाबाट अवकाश पाएका सैनिकहरू र तिनका एकल महिलाहरूलाई हरेक वर्ष लगभग भा.रू. १२ अर्ब ५० करोड पेन्सनका रूपमा पठाउने गरिन्छ । आफ्ना पूर्वसैनिकहरूका लागि भारत सरकार नेपालका प्रमुख सहरहरूमा निरन्तर रूपमा स्वास्थ्य शिविरको पनि आयोजना गरिरहेको छ ।'

भारतीय सेनामा नेपाली जवानहरूको भर्ती सन् १९४७ मा भारत, नेपाल र ब्रिटेनका बीच भएको त्रिपक्षीय सन्धिको प्रावधान अन्तर्गत हुँदैआएको छ । 'गोरखा' भन्ने शब्दको उत्पत्ति हिन्दु संन्त गुरु गोरखनाथबाट भएको हो । गोरखा नेपालको पूर्वी र पश्चिमी भागहरूका भूमिपुत्र हुन् । गोरखा जवानहरूलाई अँग्रेजहरूले सन् १८५७ भन्दा पहिले नै आफ्नो सेनामा लिन थालेका थिए । १८५७ मा भएको भारतको पहिलो स्वतन्त्रता संग्राममा उनीहरूले ब्रिटिश सेनालाई साथ दिएका थिए । यदि तपाईँ चाहनुहुन्छ भने भनेहुन्छ कि गोरखाली सेनाको एउटा श्याम पक्ष पनि छ । त्यस बखत गोरखाहरू इस्ट इन्डिया कम्पनीका लागि अनुबन्धमा काम गर्दथे । महाराजा रणजीत सिंहले पनि उनीहरूलाई आफ्नो सेनामा राखेका थिए ।

त्यसो त नेपालबाट आएका सबै नेपालीभाषी जवानहरूलाई गोरखा भन्ने गरिएको छ । तर यथार्थ अलिक बेग्लै छ । 'गोरखा' उनीहरू नै हुन्, जो लिम्बू, थापा, मगर जस्ता जातिहरूसँग सम्बन्ध रहेको हुन्छ । यी सबै गोरखाली जातिहरूको आ-आफ्नै बोलीहरू छन् । ती भाषाको स्वरमा मात्र होइन, ब्यन्जनहरूमा पनि धेरै असमानता छ ।

अँग्रेजहरूका लागि गोर्खाली जवानहरूले दुवै विश्वयुद्धमा अतुलनीय साहस तथा युद्ध कौशलका परिचय दिए । पहिलो विश्वयुद्धमा दुईलाख गोरखा सैनिक जवानहरू सरिक भएका थिए । यिनीहरूमध्ये २० हजारले रणभूमिमा आफ्नो प्राण गुमाए । दोस्रो विश्वयुद्धमा त लगभग अढाईलाख गोर्खाली जवान सिरिया, उत्तरअफ्रिका, इटली र ग्रीसका साथै बर्माको घना जंगलमा पनि लड्न गएका थिए । त्यो लडाईँमा ३२ हजारभन्दा बढी गोर्खा जवानहरूले वीरगति प्राप्त गरेका थिए । भारतका लागि पनि गोर्खाली जवानहरूले पाकिस्तान र चीनका बिरूद्ध भएका लडाईँहरूमा शत्रुका अगाडि आफ्नो बहादुरीले तहल्का मच्चाएका थिए ।

गोरखा रेजिमेन्टलाई यी युद्धमा अनेक महावीर चक्र र अन्य केहीलाई परम वीर चक्र पनि प्राप्त भयो । (एक पाकिस्तानी लेफ्टिनेन्ट जनरल काजी मुहम्मद ईक्रम अहमदको भनाईअनुसार, गोर्खा रिक्रुटलाई छोडेर भारतीय सेनालाई हेर्ने हो भने पाकिस्तानका लागि त्यो प्रायः आधा शक्तिमात्र लाग्दछ-सं.।)

जानकारहरूको मान्यता छ, भारतीय सेनामा नेपाली गोरखालीहरूको भर्तीमा रोक लगाउनु नेपाल सरकारका लागि पनि सजिलो काम होइन । त्यहाँका गोरखा जवान भारतीय सेनामा भर्ती हुनबाट यसकारण पनि पछि हटदैनन्, कि भारतीय सेनामा उनीहरूलाई बराबरीको हक मिल्छ ।

यति भएर पनि अब यो विषयलाई भारत सरकारले कुटनीतिक स्तरमा नेपालका साथ अविलम्ब उठाउनु पर्छ, ताकि सारा मामिला बिग्रिनुभन्दा पहिले नै सौहार्दपूर्ण वातावरणमा सुल्झाउन सकियोस् । मेजर जनरल शंकर प्रसादको भनाइ छ, 'नेपाली गोरखालीको जीवनको मूलमन्त्र हो, कायर बनेर बाँच्नुभन्दा मर्नु वेश हो । यस्ता शूरवीरहरूबाट बञ्चित भारतीय सेना कदापि चल्न सक्दैन ।'

–नवभारत टाइम्स

(३५ वर्षदेखि पत्रकारिता गर्दै 'हिन्दूस्तान टाइम्स', 'पाकिस्तान अब्जर्भर'देखि 'दैनिक भाष्कर 'सम्म काम गरिसकेका शुक्ला हाल अनलाईन पत्रिका चलाउने बरिष्ठ भारतीय पत्रकार हुन् । चन्द्रमणि गौतमले अनुवाद गरेका हुन् )

# आतंकवाद विरोधी काममा बाधक नबन्न अमेरिकालाई अन्तराष्ट्रिय समुदायको सल्लाह



हालै अमेरिकाले तथाकथित "युगुर मानव अधिकार नीति सम्बन्धी कानुनी मस्यौदा २०१९" पारित गरेर चीनमा भइरहेको आतंकवाद विरोधी तथा उग्रवाद हटाइने काममा हिलो छ्यापेको छ । साथै अमेरिकाले सिनच्याङ सम्बन्धी चीन सरकारको नीतिलाई बिगारेकोले अन्तर्राष्ट्रिय कानुन तथा सम्बन्धको आधारभूत मापदण्डको गम्भीर रूपमा उल्लंघन गरेको छ । तथाकथित कानुनी मस्यौदाबाट आतंकवाद विरोध सम्बन्धमा अमेरिकाले दोहोरो मानक देखाएको छ । मानवअधिकारको नाममा चीनको आन्तरिक मामिलामाथि क्रूर हस्तक्षेप गर्ने कुचेष्टा पनि अमेरिकाले प्रष्ट्याइएको छ । अमेरिकाको यस्तो कारवाहीबाट हिंसात्मक तथा आतंकवादी शक्तिलाई गम्भीर गलत संकेत पनि दिइएको छ र चिनियाँ जनता लगायत अन्तर्राष्ट्रिय समाजले कडा विरोध गरेको छ ।

बिगत केही वर्षयता, अमेरिकाले मानवअधिकार संरक्षणको नाममा अफगानिस्तान, इराक, सिरिया आदि ठाँउमा युद्ध चलाएको छ । शान्ति र सुरक्षाको सट्टामा स्थानीय नागरिकलाई पटक पटक घरबारबिहीन बनाउँदै निवा्सत बनाएको छ । मानवअधिकारको नाममा अमेरिकाले मानवअधिकारको उलंघन गरेर प्रभुत्ववादी कारवाही चलाएकाले विश्वव्यापी रूपमा निन्दा र आलोचना पाएको छ ।

सबैभन्दा खराब कुरा के हो भने अमेरिकाले आतंकवाद विरोध सम्बन्धमा कालोलाई सेतो र सेतोलाई कालो भन्ने गरेकाले यही क्षेत्रको अन्तरा्ष्ट्रिय सहयोगलाई गम्भीर रूपमा ध्वस्त पारेको छ।

सिनच्याङ समस्या मानवअधिकारको, जातीय वा धार्मिक समस्या होइन बरू हिंसा, आतंकवाद तथा पृथकतावाद विरोधी विषय हो । चीन सरकारले कानुन वमोजिम आतंकवादमाथि प्रहार गर्ने तथा मानवअधिकारको प्रत्याभूति दिने कामलाई जोड्दै आएको छ । आवाजभन्दा तथ्य प्रभावकारी हुन्छ । ३ वर्षसम्म सिन्च्याङमा एउटै हिंसात्मक वा आतंकवादी घटना भएको छैन । स्थिर भइरहेको सिनच्याङ विकासको सबभन्दा राम्रो चरणमा प्रवेश गरेको छ । गत वर्ष सिनच्याङमा जी.डी.पी.अघिल्लो वर्षभन्दा ६.१ प्रतिशतले बृद्धि भएको छ । शहरी तथा ग्रामीण बासिन्दाहरूको आम्दानी पनि अघिल्लो वर्षको तुलनामा ७.६ प्रतिशतले बृद्धि भएको छ । चालु वर्षको अघिल्ला १० महिनामा सिनच्याङ भ्रमणमा रहेका चिनियाँ तथा विदेशी पर्यटकको संख्या २० करोड भन्दा बढी पुगेको छ । यस्ता उपलब्धिहरू अमेरिकाले जाथाभावी रूपमा हटाउन सक्दैन ।

आतंकवाद मानवजातिको साझा शत्रु हो । वर्तमान अन्तर्राष्ट्रिय परिस्थिति परिवर्तन भइरहेको घडीमा आतंकवाद र उग्रवादको चुनौती पनि जटिल बनिरहेको छ । अमेरिकाले सिनच्याङ समस्याको प्रयोग गरेर चीनको आन्तरिक मामिलामा हस्ताक्षेप गर्ने कुकर्मलाई चाँडै बन्द गर्दै उग्रवाद तथा आतंवाद विरोध तथा आतंकवाद सम्बन्धी सहयोगको प्रवर्द्धनको लागि हितकर काम गर्ने सल्लाह चीनले दिएको छ । अन्तर्राष्ट्रिय क्षेत्रमा आतंकवाद विरोधी काममा अमेरिका बाधा नबन्ने प्रस्ताव छ । (सिआरआइ अनलाइन)

# स्याटेलाइट प्रक्षेपण स्थलमा उत्तर कोरियालको 'अति महत्वपूर्ण परीक्षण'

एजेन्सी । उत्तर कोरियाले स्याटेलाइट प्रक्षेपण स्थलमा "अति महत्त्वपूर्ण परीक्षण" गरेको बताएको छ । उत्तर कोरियाली केसीएनए समाचार एजेन्सीले परीक्षण परिणामलाई मुलुकको रणनीतिक अवस्थितिलाई प्रवर्धन गर्न प्रयोग गरिने जनाएको छ ।

विश्लेषकहरूको विश्वास छ- त्यो जमिनमा आधारित स्याटेलाइट प्रक्षेपणलाई शक्ति प्रदान गर्ने इन्जिनको परीक्षण हुन सक्छ वा अन्तरमहादेशीय ब्यालिस्टिक क्षेप्यास्त्र परीक्षण हुन सक्छ ।

प्योङ्याङले अमेरिकासँग थप कुराकानी गर्ने द्वार बन्द गरेको जस्तो देखिएका बेला यो परीक्षण भएको बीबीसीले जनाएको छ ।

'हामीलाई अब अमेरिकासँग लामो कुराकानी गर्न आवश्यक छैन, र आणविक निरस्त्रीकरण सहमतिको टेबलबाट बाहिरिइसकेको छ, संयुक्त राष्ट्र सङ्घका लागि उत्तर कोरियाली दूत किम सङले शनिवार एक विज्ञप्ति जारी गर्दै बताएका थिए ।

उत्तर कोरियाले सार्थक रूपमा नाकाबन्दी खुकुलो पार्नेसहित नयाँ निरस्त्रीकरण सम्झौताको प्रस्ताव तयार पार्न अमेरिकाका लागि यो वर्षको अन्त्यसम्मको समयसीमा तोकेको थियो ।

शनिवार अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले अझै पनि आफूले सहमतिमा पुग्ने आशा गरेको बताएका थिए ।

ट्रम्पले सन् २०१८मा उनले अख्तियार गरेको उनको विदेश नीति एजेन्डा बमोजिम उत्तर कोरियालाई मनाउन उसको पछि लागिरहे पनि, किम जङ अनसँग दुईपटक शिखर वार्ता गरेपनि र ट्रम्प उत्तर कोरियाली भूमिमै पुगेको भएपनि निरस्त्रीकरणमा महत्त्वपूर्ण उपलब्धि हासिल हुन सकेको छैन । पछिल्लो परीक्षण सोहाए स्याटेलाइट प्रक्षेपण स्थलमा गरिएको थियो जुन किमले बन्द गर्ने प्रतिबद्धता व्यक्त गरेको अमेरिकाले एकपटक जनाएको थियो ।

उसको आणविक र क्षेप्यास्त्र कार्यक्रमका कारण संयुक्त राष्ट्र सङ्घ र अन्यको नाकाबन्दी सामना गरिरहेको भएपनि यो वर्षको सुरुतिर उत्तर कोरियाले उसको छोटो दूरीको ब्यालिस्टिक क्षेप्यास्त्र परीक्षण गर्ने काम पुनः सुरु गरेको थियो।

र यो हप्ताको सुरुमा राष्ट्रपति ट्रम्पले उत्तर कोरियाविरुद्ध सेना प्रयोग गर्ने अधिकार अमेरिकासँग रहेको भनाइ सार्वजनिक गरेपछि उत्तर कोरियाले एक वर्षभन्दा बढी समयपछि राष्ट्रपति ट्रम्पविरुद्ध मौखिक आक्रमण गरेको थियो ।

विश्लेषकहरूको विश्वास छ, उत्तर कोरियाले अमेरिकाबाट केही सुविधाहरू पाएन भने उसले अन्तरिक्ष स्याटेलाइट प्रक्षेपण गर्नेछ । यसले अर्कालाई उत्तेजित पार्ने लामो दूरीको ब्यालिष्टिक क्षेप्यात्र प्रक्षेपण भन्दा कम उत्तेजित पार्ने उसको रकेट क्षमता प्रदर्शन गर्न बाटो खुला हुनेछ ।

# 'अब ट्रम्पविरुद्धको महाभियोग अघि बढ्छ'

*ट्रम्प-युक्रेन महाभियोग अनुसन्धान नामक प्रतिवेदनलाई मंगलबार संसद्को तल्लो सदनको गुप्तचर ीसम्बन्धी विषय हेर्ने समितिले सार्वजनिक गरेको हो।*





एजेन्सी । अमेरिकामा संसदको तल्लो सदन प्रतिनिधिसभाकी सभामुख एवं विपक्षी दलकी वरिष्ठ नेता न्यान्सी पेलोसीले राष्ट्रपति डोनल्ड ट्रम्पविरुद्ध शक्तिको दुरूपयोगको आरोपमा महाभियोग लगाइने बताएकी छन् ।

राष्ट्रपति ट्रम्पले चाहिँ आरोप गलत भएको भन्दै चाँडो यो प्रक्रिया टुँग्याएर देशका मुद्दामा केन्द्रीत हुन आग्रह गरेका छन् । पेलोसीले अमेरिकाको प्रजातन्त्र दाउमा परेको भन्दै राष्ट्रपतिले अन्य विकल्प आफ्ना सामु नछाडेको बताएको बीबीसीले उल्लेख गरेको छ ।

राष्ट्रपति ट्रम्पले डेमोर्क्याट नेताहरूको सन्तुलन गुमेको भन्दै यदि महाभियोग लगाउने हो भने प्रक्रिया चाँडो थाल्न आह्वान पनि गरेका छन्।

सन् २०२० मा हुने राष्ट्रपतीय निर्वाचनमा आफ्नो प्रतिद्वन्द्वी हुन सक्ने जो बाइडनविरुद्ध भ्रस्टाचारको अनुसन्धान गरेमात्र यूक्रेनलाई सहयोग दिने भनी ट्रम्पले पदको दुरूपयोग गरेको आरोप उनीहरूको छ।

पत्रकार सम्मेलनमा बोल्दै पेलोसीले भनिन्, 'तथ्यहरू अकाट्य छन्। राष्ट्रपतिले आफ्नो राजनीतिक फाइदाका निम्ति शक्तिको दुरूपयोग गरेर राष्ट्रिय सुरक्षा दाउमा पारे ।'

उनले महाभियोगका औपचारिक अभियोगका धारा मस्यौदा गरेर अघि बढ्न सदनका समितिका अध्यक्षहरूलाई बताएकी छन्।

ट्रम्प विरुद्ध यथेष्ट प्रमाण-अनुसन्धान समिति

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई पदीय अधिकारको दुरूपयोगमा महाभियोग लगाउन यथेष्ट प्रमाण रहेको उनीविरुद्ध महाभियोग अनुसन्धानको नेतृत्व गरिरहेको एउटा समितिले जनाएको छ। 'संयुक्त राज्य अमेरिकाको राष्ट्रिय स्वार्थविपरीत राष्ट्रपति ट्रम्पले आफ्नो व्यक्तिगत लाभका लागि पदीय दुरूपयोग गरेको' एउटा प्रमुख प्रतिवेदनमा उल्लेख गरिएको छ ।

ट ् म प - युक्रेन महाभियोग अनुसन्धान नामक प्रतिवेदनलाई मंगलबार संसद्को तल्लो सदनको गुप्तचरीसम्बन्धी विषय हेर्ने समितिले सार्वजनिक गरेको हो । प्रतिवेदनमा ट्रम्पमाथि न्यायमा अवरोध पु(याएको तथा आगामी चुनावमा आफ्नो हितका लागि युक्रेनलाई मुछ्न खोजेको आरोप लगाइएका छन्।

राष्ट्रपति ट्रम्पले व्यक्तिगत राजनीतिक स्वार्थलाई संयुक्त राज्य अमेरिकाको राष्ट्रिय स्वार्थभन्दा माथि राखेको देशको तल्लो सदनको गुप्तचरसम्बन्धी विषय हेर्ने समितिले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ ।

राष्ट्रपति ट्रम्पले आफूविरुद्धका साक्षीलाई तर्साउन खोजेको अनि समितिले बोलाएका कर्मचारीलाई अटेर गर्न दबाब दिएको पनि आरोप लागेका छन्। राष्ट्रपति ट्रम्पले आफूलाई कानुनभन्दा माथि ठानेको र उनले शक्ति दुरूपयोग गरेकोबारे प्रशस्त प्रमाण रहेको संसद्को तल्लो सदन 'हाउस अफ रिप्रिजेन्टेटिभ्स'को गुप्तचरीसम्बन्धी विषय हेर्ने समितिका अध्यक्ष एडम सिफले बताएका छन् ।

# भोट, मधेश र नेपाल

भोट, मधेस र नेपालको बारेमा वर्णन गर्नु यस निबन्धको उद्देश्य होइन, यी तीन शब्दका अर्थ र आशयहरू अभिव्यक्त गर्ने उद्देश्य मात्रै यस निबन्धमा राखिएको छ ।

सर्वप्रथम भोट शब्दको विषयमा नै विचार गरौँ । हिमालय पर्वतमालादेखि उत्तरतर्फ क्यूनलून पर्वतमालाले घेरिएको समुद्रतलबाट चौध-पन्ध्र हजार फूटको उचाइँमा रहेको पठार, प्राकृतिक बनावटको दृष्टिले एक पृथक् किसिमको भूभागको रूपमा रहेको छ । यस भूभागका जनताको भाषा र संस्कृति समेत अलग्गै किसिमको छ तापनि तेह्रौँ शताब्दीको चङ्गेजखाँको समयदेखि यो प्रदेश प्रत्यक्ष वा अप्रत्यक्ष रूपले चीन महादेशको राजनैतिक अङ्गको रूपमा रहँदै आएको छ ।

ज्ञात इतिहासअनुसार छैठौँ शताब्दीको आरम्भसम्म यस क्षेत्रका जनताहरू बर्बर अवस्थामा नै थिए, त्यसै शताब्दीको मध्यमा सभ्यताको उत्थान भएर त्यहाँ सर्वप्रथम व्यवस्थित राज्यको स्थापना भएको देखिन्छ । त्यस राज्यका दोस्रा राजा स्रोङ-चङ-गम्पो (इ.सं. ५७०-६५०) निकै शक्तिशाली बने । येनम् (जसलाई अचेल कुती भनिन्छ) र किरोङका हिमालयका दुर्लङ्घ्य भञ्ज्याङ्गहरू खोलाई यिनले नेपालको राजधानीसम्म आवतजावत मात्र चलाएनन्, आफ्ना दूतमण्डलीहरू पठाई तिनताक नेपालमा चलेको लिपिलाई लगेर आफ्नो अलग वर्णमाला बनाए र नेपाली कला र कौशलहरूलाई ग्रहण गरेर 'ल्हासा' (जसको अर्थ देवभूमि हुन्छ) नामक शहरको जग समेत बसाए ।

यस भूभागका निवासीहरू आफ्नो देश र आफूलाई समेत 'बोद्' भन्दथे तर 'पोत' लेख्दथे । त्यो नियम त्यहाँ अझै पनि प्रचलित छ । उनीहरूको अस्पष्ट उच्चारणलाई नेपालीहरूले 'भोट्ट' सुनेका हुनाले नेपालमा प्रारम्भमा यस देशको अर्थमा यही 'भोट्ट' शब्द व्यवहार हुँदै आएको थियो ।१ यही भोट्ट शब्दपछि 'भोट' बोलिएर अचेल लौकिक व्यवहारमा पनि यसै नामले प्रचलित हुँदै आएको छ । यसै भोट देशदेखि उत्तरपट्टिका मङ्गोल देशका निवासीहरू नजाने किन हो 'बोद्' या 'पोत' को अगाडि 'ति' उपसर्ग जोडेर यसलाई 'तिबोत' वा 'तिबत' भन्ने गर्दथे । यही 'तिबेत' शब्दपछि युरोपमा पुगेर ट्यूटनहरूको उच्चारण अनुसार अचेल 'टिबेट' बोलिन लागेको छ । अर्कातिर यही 'टिबेट' शब्द इरानमा पुगेर फारसी उच्चारण अनुसार 'तिब्बत' बोलिन लागेकोले उर्दु भाषाको साथै अरू भारतीय भाषाहरूमा पनि अचेल यसलाई तिब्बत नै भन्ने व्यापक प्रचलन चल्दै आएको छ । यसरी 'तिब्बत' वा 'टिबेट' शब्दले अन्तर्राष्ट्रिय रूप ग्रहण गरेकोले अचेल त्यस भू-भागका निवासीहरू पनि बाध्य भएर आफ्नो देशलाई 'तिब्बत' वा 'टिबेट' भन्न थालिरहेका छन् । यस पृष्ठभूमिमा हामीले पनि अन्तर्राष्ट्रिय व्यवहारमा यस देशलाई तिब्बत वा टिबेट नै भन्नुपर्ने हुन्छ तापनि राष्ट्रिय व्यवहारमा भने परम्परादेखि चलिआएको 'भोट' शब्दलाई नै प्रयोग गर्नु उचित हुनेछ ।

तर अपर्याप्त ज्ञान भएका हाम्रा पहिलेका स्रेस्तावालाहरूले 'भोट' शब्दलाई गलत अर्थमा पनि प्रयोग गर्ने गरेका छन् । यस विषयमा उदाहरणका रूपमा 'भोट नामलाङ' र 'छार्का भोट' भन्ने दुइ शब्दलाई प्रस्तुत गर्न सकिन्छ । तामाकोशी नदीका किनारको 'लामा-बगर' को नामले प्रसिद्ध चौकीको उत्तरपट्टि तिब्बतका ठीक सीमानामा नेपालपट्टि 'नाम्लाङ' नामक स्यार्पाहरूको एक गाउँ रहेको छ । स्यार्पाहरूले तिब्बतबाटै बौद्धधर्म ग्रहण गरेका हुन् तापनि स्यार्पाहरूको भाषा र संस्कृति तिब्बतीहरूको भाषा र संस्कृतिभन्दा एकदमै भिन्न छ । तिब्बती संस्कृति अनुसार धेरै भाइहरू मिलेर एउटै महिलासँग विवाह गर्नु अनिवार्य आवश्यक छ, तर स्यार्पाहरूमा यस्तो प्रचलन पूर्णतः पाइँदैन । यसैले स्यार्पाहरूलाई तिब्बती-वर्गको मान्न कुनै हालतमा पनि सकिँदैन । यस अवस्थामा नेपाल अधिराज्यमा नेपाली स्यार्पाहरूको बस्ती भएको 'नाम्लाङ'लाई माल अड्डाका स्रेस्ताहरूमा र जनगणनाका रिपोर्टहरूमा समेत 'भोट नामलाङ'लेख्नु सर्वथा अनुचित छ ।

यस्तै जुम्लाको पूर्व भागमा रहेको हिमाली क्षेत्रमा 'छार्का' र 'तराप' नामक दुइ प्रसिद्ध बस्ती रहेका छन् । यी बस्तीका बासिन्दाहरू पनि स्यार्पा जस्तै आग्नेयदेशी परिवारका जातिहरू देखिन्छन् । यिनको भाषा र संस्कृति समेत तिब्बतीसँग मिल्दैन । स्यार्पाहरूले जस्तो यिनीहरूले तिब्बतबाट बौद्ध धर्म ग्रहण गरेको पनि देखिंदैन । यस स्थितिमा यिनीहरू पूर्णतः नेपाली देखिन्छन् । तैपनि नेपालका माल-अड्डाका स्रेस्ताहरूमा, जनगणनाका रिपोर्टहरूमा र नेपालको मानचित्रमा समेत 'छार्का भोट' लेखेर यस क्षेत्रलाई तिब्बतको अङ्ग हो भन्ने भान गराउनु हेलचेक्र्याइँको काम भइरहेको छ । राष्ट्र विकासको निमित्त यस्ता अविवेकपूर्ण कार्यहरू बाधक हुन सक्दछन् । यस विषयमा विशेषज्ञहरूको ध्यान जानु नितान्त आवश्यक छ ।

उत्तरी भारतको मैदान प्राचीन समयमा उदीच्य (उत्तरी) र प्राच्य (पूर्वी) भन्ने दुइ भागमा बाँडिएको थियो । यी दुई भागका भाषामा पनि अन्तर रहेको हुनाले इ.सं. पूर्व छैठौँ शताब्दीका पाणिनिले पनि भाषाका यी दुई विभागको चर्चा गरेका छन् । संस्कृत व्याकरणकारहरू शरावती नदीलाई नै यी दुइ भागलाई छुट्याउने सीमा रेखाको रूपमा स्वीकार गर्दथे । चौथा शताब्दीका प्रसिद्ध कोशकार अमरसिंहले पनि शरावती नदीलाई नै उच्च र उदीच्यको विभाजकरेखा बताएका छन् ।२ तर अचेल यस नदीको अत्तोपत्तो छैन । वर्तमान समयमा उत्तरप्रदेश र पञ्जाबको बीचमा रहेको सरस्वती नदी नै शरावतीको नामान्तर हो कि भन्ने पनि भान हुन्छ, तर अमर सिंहले भने 'सरस्वती'को छुट्टै नाम पनि दिएका छन् ।

उल्लेखित विभाग अनुसार सिन्धु-सतलज नदीको मैदान उदीच्यमा र गङ्गा नदीको मैदान प्राच्यमा पर्दथ्यो । अचेलका उत्तरप्रदेश, बिहार, उडिसा, बङ्गाल र आसामका प्रदेशहरू त्यसबेला प्राच्य देशमा गनिन्थे । इ.सं. पूर्व छैठौँ शताब्दीमा भगवान् गौतम बुद्धले अवध र बिहारमा बौद्ध धर्मको दुन्दुभि बजाएका थिए ।पछि शुङ्ग-युगमा गङ्गा र जमुनाको मैदानमा रहेका कट्टर ब्राह्मणहरूले बौद्धधर्मलाई धपाई अवध प्रदेशलाई उदीच्यबाट छुट्याएर प्राच्यमा सम्मिलित गराई अम्बालादेखि प्रयागसम्मको मैदानलाई 'मध्यदेश' भन्ने नाम दिएका हुनाले मनुस्मृतिमा यस प्रदेशलाई पवित्रभूमि बताइएको छ ।२ उनीहरूको विचारमा बौद्धधर्मको क्षेत्र अपवित्र देशमा पर्दथ्यो ।

मध्यदेश भन्ने नामकरण बौद्धहरूको अनुकरण-अनुसार भएको देखिन्छ । गौतम बुद्धले मज्झिम मार्ग (मध्यममार्ग)को आरम्भ गरेका थिए । यसैले बौद्धधर्मको पूर्ण विस्तार भएको अवध र बिहारको प्रदेश बौद्धहरूको मत अनुसार 'मज्झिम-देश' कहिन्थ्यो । मझ्झिम-देशको संस्कृत रूप 'मध्यम-देश' शब्दका बीचको एक अक्षरको लाधव गरेर 'मध्य-देश' भन्ने नामकरण भएको अनुमान हुन्छ । मध्यदेशको ठीक उत्तरपट्टि गढवाल र कुमाउँका पहाडी प्रदेशहरू रहेका र यी प्रदेशहरू मध्य-प्रदेशभित्र नगाभिएका हुनाले यहाँका निवासीहरू दक्षिणपट्टीको मैदानलाई 'मध्य-देश' भन्न थाले । यही मध्येदेश शब्दपछि विकृत भएर 'मधेस' शब्द बनेको देखिन्छ । पन्ध्रौँ शताब्दीदेखि पूर्वतर्फ बसाइँ सर्दै आएर कुमाउँका पाँडे, पन्थ आदि ब्राह्मणहरू र कार्की, राउत आदि क्षेत्रीयहरू प्यूठानदेखि दोलखासम्म आएर आवाद भएका थिए । यसै क्रममा पाल्पाली राजा मुकुन्दसेन (प्रथम) का सेनापति गणेश पाण्डे गोर्खाका राजा द्रव्य शाहका मनत्ती हुन आएकाले यिनका ब्राह्मण-सन्ततिहरू गोर्खाको खोपलाङ गाउँमा अझै पनि रहेका छन् । यिनका वंशमा पनि क्षेत्रीय सन्तानहरू पनि पैदा भएकोले यसै वंशका 'कालु पाँडे' र 'दामोदर पाँडे' नेपालको इतिहासमा विशेष प्रसिद्ध भएका छन् । यी पाँडे, पन्थ र कार्कीहरूमा आफ्नो देशभन्दा दक्षिणपट्टिको उत्तरी भारतको मैदानलाई 'मधेस' भन्ने बानी परेकोले यिनीहरू पूर्वतर्फ फैलिँदै आएपछि पूर्वतर्फका अवध र बिहारको मैदानलाई पनि 'मधेस' भन्न थाले । तर यो भ्रमपूर्ण कथन थियो ।

यस मैदानको उत्तरपट्टि चुरेको किनारामा रहेको समथर भूभागलाई 'तलहट्टी' र चुरे पर्वतमालाको महाभारत पर्वत-श्रृङ्खलाको बीचमा जङ्गल र होचा-होचा पहाडहरूले भरिएको भूभागलाई 'भाँवर' भन्ने र यी दुवै प्रदेशलाई मिलाएर 'तराई' भन्ने चलन पनि आजसम्म चल्दै आएको छ ।


बाबुराम आचार्य

*प्राचीनतम युगको नेपाल, तामाकोशी र त्रिशूली नदीहरूको बीचमा नेवार जातिहरूको आवादी रहेका क्षेत्रमा मात्र सीमित रहेको देखिन्छ । यहाँका मूल-निवासीहरूलाई बुझाउने 'नेपार' शब्द नै मगध देशको मागधी उच्चारण अनुसार 'नेपाली' भई देशको अर्थमा प्रयोग भएको र यही शब्द स्थानीय बोली अनुसार 'नेवार' भएर जातिवादी अर्थमा प्रयोग हुँदै आएको अनुमान हुन्छ । जेहोस्, प्राचीनतम युगको नेपालको दक्षिणी सिमानाले महाभारत एवं पर्वतमालालाई पार गरेको लक्षण देखिंदैन*

परन्तु नेपालका स्रेस्तावाजहरूले तलहट्टीको मैदान भागलाई मात्र होइन, भाँवरको पहाडी प्रदेशलाई पनि 'मधेस' मा गणना गरेर अवैध नाम दिएका छन् । यसै अनुसार भूमि व्यवस्थासम्बन्धी 'मधेस बन्दोबस्त' भन्ने छुट्टै अड्डा खडा भएर वर्षौंसम्म कायम रह्यो । तर अचेल भने त्यो अड्डा खारेज भएको छ । बही बुझ्ने कामको निमित खडा भएको कुमारीचोक भन्ने अड्डामा अझै पनि 'मधेस-फाँट' भन्ने एक छुट्टै विभाग रहेको छ । गङ्गा र यमुनाको मैदानमा रहेको मध्यदेशको छोटकरी रूप मधेसले काठमाडौँ उपत्यकामा आएर अझै पनि घर जमाइरहनु अनुचित घटना छ । यसैले नेपालको भूमिव्यवस्थाको स्रेस्ताबाट जतिसक्यो चाँडो 'मधेस' शब्दलाई हटाउनु अत्यावश्यक देखिन्छ ।

प्राचीनतम युगको नेपाल, तामाकोशी र त्रिशूली नदीहरूको बीचमा नेवार जातिहरूको आवादी रहेका क्षेत्रमा मात्र सीमित रहेको देखिन्छ । यहाँका मूल-निवासीहरूलाई बुझाउने 'नेपार' शब्द नै मगध देशको मागधी उच्चारण अनुसार 'नेपाली' भई देशको अर्थमा प्रयोग भएको र यही शब्द स्थानीय बोली अनुसार 'नेवार' भएर जातिवादी अर्थमा प्रयोग हुँदै आएको अनुमान हुन्छ । जेहोस्, प्राचीनतम युगको नेपालको दक्षिणी सिमानाले महाभारत एवं पर्वतमालालाई पार गरेको लक्षण देखिंदैन ।

लिच्छवि-कालका प्रसिद्ध राजा मानदेवले (इ.सं.४६४-५०५) आफ्नो दिग्विजयको जुन वर्णन चाँगुको प्रसिद्ध अभिलेखमा गर्वसाथ गरेका छन्, त्यसबाट पनि उनको अभियान पूर्वको तामाकोशीभन्दा पूर्वतर्फ गएको लक्षण देखिंदैन । यसै अभिलेखमा उनले पश्चिमपट्टि गण्डकी नदीलाई पार गरेर मल्लपुरीको विजय गरी प्रशस्त धन-दौलत ल्याएको जुन वर्णन लेखाएका छन् त्यो पनि तराईको गण्डकी नदी पार रहेको बुटवल प्रदेशतिर रहेको 'मल्लपुरी' होला भन्ने मेरो अनुमान छ ।

मध्ययुगको आरम्भमा येनम् र किरोङका घाटीहरू खुलेपछि तिब्बत र चीनसँग समेत नेपालको सम्बन्ध स्थापित हुँदा उत्तरमा हिमाली क्षेत्रमा पनि नेपालको विस्तार भयो र साथै पूर्वमा झण्डैझण्डै हालको सीमानासम्म र पश्चिमतर्फ सखिकोलेकसम्म नेपाल राज्यको विस्तार भएको प्रमाण प्रसिद्ध चिनियाँ यात्री यु-आन-च्याँगको भ्रमण वृत्तान्तबाट समेत थाहा पाउन सकिन्छ (इ.सं. ६३७) । मध्ययुगको उत्तरार्धमा सखिकोलेकदेखि पश्चिमपट्टि सेञ्जा राज्यको स्थापना हुँदा यस राज्यमा वर्तमान बुटवल प्रदेशको क्षेत्रसमेत सम्मिलित भएको तथ्य त्यहाँ रहेको इ.सं. १३१२ को रिपु मल्लको शिलालेखबाट देखिएको छ । यिनैताक गण्डकीदेखि पूर्वतर्फको तराईप्रदेश सिमरौनगढ राज्यमा सम्मिलित रहेको कुरा बारा जिल्लाको सिमरौनगढमा पाइएको नान्यदेवको शिलालेखबाट देखिएको छ । राजवंशहरूको आपसी कलह र परचक्रीहरूको आक्रमणद्वारा चौधौँ शताब्दीदेखि नेपाल राज्य छिन्नभिन्न हुन आरम्भ हुनु र उता यिनैताकादेखि जुम्लाको सेञ्जा राज्य पनि नष्ट भई डोटीमा पृथक राज्य खडा हुनुलाई नेपालको निमित्त दुर्घटना नै मान्नुपर्दछ ।

यस प्रकार नेपाल-राज्य खण्डित हुन आरम्भ हुँदा सेञ्जा राज्यमा रहेका खशहरू क्रमशः पूर्वातिर बढ्दै आएर अनेक क्षुद्र राज्यहरू स्थापना भएकाले काठमाडौँ उपत्यका र यसको आसपासको क्षेत्रमा नै सीमित रहेको नेपाल राज्य पनि अझैपछि काठमाडौँ, पाटन र भक्तपुर भन्ने तीन टुक्रामा विभक्त हुँदा पूर्वको दोलखा र पश्चिमको गोर्खा प्रदेश समेत नेपालबाट बाहिर गनिन थालेका थिए । यसरी प्राचीनतम कालमा जस्तै वर्तमान कालको आरम्भमा पनि झण्डै चार शताब्दीसम्म सुनकोशी र त्रिशूली नदीको मध्यवर्ती क्षेत्र मात्र नेपालको रूपमा रह्यो । नेवार जातिका बस्तीहरू पनि प्रायः यसै क्षेत्रभित्र रहेकाले नेवार जातिको अर्थमा 'नेपाल' शब्द प्रयोग हुन थाल्दा अठारौँ शताब्दीको अन्त्यसम्म मात्र होइन, बोलचालको भाषामा अझैसम्म पनि नेवारी भाषालाई 'नेपाल भाषा' भन्ने चलन चल्दै आएको छ । यसै नेवारी भाषामा मात्र व्यवहार हुने गरेकाले 'नेपाल-सम्वत'लाई नेवारी जातिको सम्वत् मानेर अचेल अन्तर र्राष्ट्रिय लेखहरूमा यस सम्वत्लाई 'नेवार सम्वत' नै लेखिने गरेको पाइन्छ ।

गोर्खा राज्यका राजा पृथ्वीनारायण शाह नेपाल राज्यको एकीकरणका सूत्रधार भई निस्के । उनी र उनका छोरा राजकुमार बहादुर शाहकै नेतृत्वमा नेपाल-राज्यको अभूतपूर्व एकीकरण भयो र पूर्वमा किराँत-प्रदेशदेखि पश्चिममा कुमाउँ प्रदेशसम्मको पहाडी भूभागमा हिमाली प्रदेश र तराई क्षेत्र समेत मिलेर विशाल नेपाल अधिराज्यको निर्माण भयो । यतिमात्र होइन, सिक्किम र गढवालका राज्यहरू पनि नेपाल राज्यका छत्रछायाँमा आए ।पछि यमुना नदीदेखि सतलज नदीसम्मको वर्तमान सिमला प्रदेश पनि नेपाल राज्यमा सम्मिलित हुँदा (इ.सं. १८०४-५) इ.सं. १८११ मा प्रकाशित भएको 'इन्साइक्लोपिडिया अफ् ब्रिटानिका'को दोस्रो संस्करणमा पूर्वमा टिस्टा नदीदेखि पश्चिममा सतलज नदीसम्मको हिमाल, पहाड र तराई समेतको क्षेत्रलाई नेपाल अधिराज्यको मानचित्रभित्र अङ्कित गरिएको पाइन्छ ।

पछि भीमसेन थापाको प्रशासनमा अङ्ग्रेजसँगको युद्धमा हार भएर सिक्किमको रियासत र कुमाउँ गढवाल र सिमला समेत नेपालबाट टुक्र्याइए(इ.सं. १८१५) । यतिमात्र होइन, बघौरा-तालदेखि महाकाली नदीसम्मको तराई क्षेत्र पनि नेपालबाट छुट्याइएर नेपालको पश्चिमी भागलाई खुँडे बनाइएको थियो ।पछि वि.सं. १८६० मा यो खुँडे परेको भाग 'नयाँ मुलुक'को नामले फेरि नेपालमा मिलाइएपछि नेपालको वर्तमान मानचित्र कायम भएको छ र यसै मानचित्रभित्र पर्ने भूभागलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रले आज नेपाल अधिराज्यको रूपमा मान्दै आएको छ ।

तर राजवंशभित्रको आन्तरिक कलहले गर्दा इ.सं. १८०६ देखि १९५० सम्मको झण्डै डेढ शताब्दीको बीचमा करिब ७ वर्ष मात्र (इ.सं. १७३६-४२) यो देश राजाको प्रत्यक्ष प्रशासनमा रह्यो । बाँकी १३८ वर्षसम्म भीमसेन थापा र जङ्गबहादुर आदि अधिनायकहरू सैनिक बलको जोरले नेपाल अधिराज्यभित्र 'हुकुम' गर्दै रहे । सैनिक-शक्तिको प्रयोग गरी जनतामा रहेको राष्ट्रिय भावनालाई क्षीण गराउनु, राजकोषमा आउनुपर्ने धन बीचैबाट हडप गर्नु र रैकर भूमिलाई आफ्नो, आफ्नो परिवारको र आफ्ना जी-हजुरेहरूको नाममा बिर्ता गराएर राज्यको आमदानी घटाउनु अधिनायकवादका तीन प्रधान उद्देश्य थिए । यही उद्देश्य पूरा गर्न राजधानी रहेको करिब २५० वर्गमीलको काठमाडौँ उपत्यकालाई मात्र 'खास नेपाल' बनाएर बाँकी ५४,००० वर्गमीलको पहाड र तराईलाई खास नेपालको उपनिवेशको रूप दिई शोषणको नीति अपनाइएको हुनाले खास नेपाल बाहिरको उपनिवेश भाग आज पनि ज्यादै गिरेको पाइन्छ ।

इ.सं. १८१५सम्म 'गुनरी बजार' र 'इलाम बजार' एउटै अवस्थामा थिए, तर गुनरी-बजारले आज दार्जलिङ्ग शहरको रूप लिइसकेको छ, इलाम बजारको भने कुनै प्रगति हुन सकेको छैन । अल्मोडा र सिलगढीको तुलना गर्दा पनि यही दुःखदायक स्थिति पाइन्छ । यस्तो उपनिवेशवाद राणा अधिनायकहरू र उनका पूर्ववर्तीहरूले पनि गुप्त रीतले चलाएका थिए र अन्तर्राष्ट्रिय क्षेत्रले समेत स्वीकार गरिसकेको नेपालभित्र अर्को 'लघु-नेपाल'को सृष्टि गराएका थिए, तर यसको सिङ्ग र पुच्छर भने लुकाउन सकेका थिएनन् ।

कुमारीचोकअड्डामा 'मदेस फाँट' भएको चर्चामाथि भइसकेको छ । यस्तै यस्तै अड्डामा 'नेपाल फाँट'को पनि सृजना भएको छ । यस फाँटमा काठमाडौँ उपत्यका भित्रका कार्यालयहरूको मात्र बही बुझ्ने प्रबन्ध छ, जो आजसम्म चल्दै आएको छ । नेपालको निमित्त भनी देवानी मुद्दामा लागू हुने गरी बनाइएको कोर्टफीको ऐन पनि काठमाडौँ उपत्यकाको निमित्त मात्र लागू गराई न्यायपालिकाकोतर्फबाट पनि नेपाल भनेर 'खास नेपाल'लाई मात्र मान्यता दिइएको छ । काठमाडौँ उपत्यकाबाट मुलुकभित्रकै अरू भागमा जाँदा र अन्यत्रबाट यहाँ आउँदा पनि यात्रीहरूको मालसामानको भन्सार जाँच हुने चलन अझै कायम छ । यस्तै उपत्यकाबाट अधिराज्यभित्रका अरू भागमा जाँदा नारी-जातिको निमित्त अझै पनि राहदानी लिइँदैछ । यस स्थितिमा उपत्यका बाहिरका जनताले कसरी आफूलाई नेपाली सम्झियुन् ? उपनिवेशवादको यस भावनालाई यूरोपीय विद्वानहरूले पनि पत्ता नलगाएका होइनन् । यसैले त, हालै प्रकाशित भएको रोमन लिपिको एक मानचित्रमा नेपाल भन्ने पाँच अक्षरले काठमाडौँ उपत्यकालाई मात्र सङ्केत गरी यस उपत्यकालाई 'खस नेपाल' को रूपमा छुट्याइएको छ ।

यसै उपनिवेशवादले गर्दा बाध्य भएर टाढा के ? बनेपा, धुलिखेल, चितलाङ्ग, नुवाकोट र सिन्धुपाल्चोक आदि उपत्यकाका आपसका निवासीहरू उपत्यकातिर लाग्दा अचेल पनि 'नेपाल जाने' भनी भन्दछन् । यस अवस्थामा डडेलधुरा, विराटनगर र इलामका निवासीहरूले कसरी आफूलाई नेपाली हौँ भन्ने गर्व गरून् ? यही उपनिवेशवादको मोहमा डुबेका र कुवाभित्रको व्याङ भएर रहेका केही नेपालीहरू यसै उपत्यकालाई लक्ष्य गरेर अझै पनि 'खास नेपाल' यही हो भन्ने गर्व गर्दछन् । भगवानले कहिले यिनलाई सुबुद्धि देलान् ? नेपालमा जब सुशासन चल्ला, तब मात्र नेपालको वास्तविक एकीकरण भई उपनिवेशवादको अन्त्य भएर 'अविकसित राष्ट्र'का निवासी भन्ने कलङ्क नेपालीको निधारबाट मेटिनेछ । अहिलेलाई यही नै आशा गर्न सकिन्छ ।

**रचनाकाल–वि.सं.** २०१४ (**अनुमान**)

यसै समयदेखि -इसाको एघारौँ शताब्दीको उत्तरार्धदेखि) भारतको विक्रमशीला र तिब्बतका बौद्धमहाविहारहरको धार्मिक सम्बन्ध नेपाल मार्फत् चल्न आरम्भ भएको थियो । यिनताक नेपालको राजधानीदेखि पूर्वोत्तरपट्टि ब्रम्हपुत्रको किनाराको प्रदेश 'चङ' भनिन्थ्यो । यस प्रदेशमा इ.सं. १०७६ मा 'स-क्य' बौद्धबिहारको स्थापना भयो र त्यस बिहारसँग नेपालीहरूको निकटसम्बन्ध स्थापित भयो । 'चङ'को उच्चारण 'सङ'को नजीक हुनाले नेपालीहरूले त्यहाँका निवासीहरूलाई 'सञ' भन्ने नाम दिएका थिए । यसैलेपछि तिब्बतका अन्य प्रदेशका निवासीहरू पनि 'सञ' नै भनिन थाले । नेवारी भाषामा तिब्बतीहरूलाई अचेल पनि 'सञ' वा 'सेँ' नै भनिदै छ ।

## तेस्रो...

सरकारी संरक्षणमा छाती फुलाएर नेपाली समाजमा हिडिरहेका छन् ।

राजनीतिक मूल्य-मान्यता ह्रास भइरहेको छ। कम्युनिस्ट नामधारी डब्बल नेकपाले नेपाली समाजमा फासीवादी सरकार चलाइरहेको छ। विपक्षीहरूलाई पेलेरै शासन गर्ने हर्कत गरिरहेको छ । यसको ज्वलन्त उदाहरण विप्लव नेतृत्वको नेकपामाथि प्रतिबन्ध लगाउनु रहेको छ। विप्लव नेकपामाथि प्रतिबन्ध लगाउनुको कुनै अर्थ छैन । राजनीतिक प्रतिशोध बाहेक अरु कुनै कारण छैन ।

यिनै विविध कारणले गर्दा मुलुकको राजनीतिक अवस्था ज्यादै गंभीर मोडमा पुगेको छ । यसको अलवा राष्ट्रिय स्वाधीनताको प्रश्न जुन आज जटिल बन्न पुगेको छ, यसको एक मात्र तेस्रो जनआन्दोलन नै हो ।

नेपालमा १० र १० वर्षमा ठूला ठूला जनसंघर्ष र जनआन्दोलनका घटनाहरू उथलपुथलका रूपमा ज्वारभाटाका रूपमा उठ्ने गरेको छ । २०३५/३६ सालको विद्यार्थी आन्दोलन, २०४६ सालको पहिलो जनआन्दोलन, २०६२/६३ सालको दोस्रो जनआन्दोलनलाई एउटा उदाहरण र शिक्षा लिन सकिन्छ ।

२०६२/६३ सालको दोस्रो संयुक्त जनआन्दोलनले २४० वर्षे शाह वंशीय सामन्तवादी राजतन्त्रको अन्त्य गरेर लोकतान्त्रिक व्यवस्थाको स्थापना गरेको थियो र आज यसले पनि १० वर्ष पार गरिसकेको छ । आज मुलुकमा गंभीर प्रकारको संकट पैदा भइरहेको छ

यस प्रकारको अवस्थामा क्रान्तिकारी कम्युनिस्ट शक्तिहरू र परिवर्तनकारी जनताले नजरअन्दाज गरिरहने हो भने मुलुकमा गंभीर प्रकारको दुर्घटना घट्न सक्ने संभावनाहरूलाई मध्येनजरमा राखेर राजनीतिक परिवर्तनको निम्ति तेस्रो जनआन्दोलनको सुनामी सृष्टि गर्न अनिवार्य बन्न पुगेको छ ।

सानातिना संघर्षले राजनीतिक परिवर्तन भैहाल्ने नामधारी कम्युनिस्टको दुई तिहाइको फासीवादी सत्ताको उलटपुलट हुने संभावना पनि छैन ।

त्यसो भएर सम्पूर्ण देशभक्त जनतान्त्रिक कम्युनिस्ट शक्तिहरू, लेखक, पत्रकार, साहित्यकार, नागरिक समाज, विभिन्न जातीय संघ रसंगठन हरू र आम परिवर्तनकारी एवम् मुक्तिकामी जनसमुदायका बिचमा ब्यापक एकता कायम गरेर मुलुकको संरक्षण र जनताको उन्नति र प्रगतिको निम्ति तेस्रो जनआन्दोलनको सुनामी सृष्टि गर्नुको विकल्प छैन। यसले मात्र नेपाल राष्ट्र र नेपाली जनताको सुन्दर भविष्यको रेखा कोर्नेछ । र , नेपाली जनताका सुन्दर नेपाल निर्माण गर्ने सपनाहरू पुरा गर्ने बाटो तय हुनेछ ।

## राष्ट्रिय स्वाधीनता...

अझ घनिभूत बनाएको छ । त्यसयता देजमोले काठमाडौं उपत्यका लगायत सातवटै प्रदेशका जिल्लाहरूमा विरोध प्रदर्शन, जुलुस तथा ऱ्याली, कोणसभा तथा जनसभा गरिरहेको छ । २० मंसिरमा कास्कीको पोखरामा मोर्चाको गण्डकी प्रदेशको आयोजनामा वृहत् अन्तर्क्रिया सम्पन्न भएको छ । अन्तर्क्रिया कार्यक्रममा मोर्चाका अध्यक्ष सीपी गजुरेलले कार्यपत्र तयार पारी प्रस्तुत गरेका थिए । कार्यक्रममा उपस्थित वक्ताहरूले कार्यपत्रमाथि टिप्पणी गर्दै राष्ट्रिय स्वाधीनताका लागि सम्पूर्ण देशभक्तहरू एकजुट भएर आन्दोलनलाई सशक्त रूपमा अगाडि बढाउनु पर्ने धारणा राखेका थिए ।

मोर्चाका ३ नं. र ७ नं प्रदेशका जिल्लाहरूले जिल्ला प्रशासन कार्यालयमार्फत् प्रधानमन्त्री केपी ओलीलाई ज्ञापन पत्र बुझाएका छन् भने क्रान्तिकारी माओवादी सम्बद्ध जनवर्गीय संगठन तथा मोर्चा संगठनको समेत प्रतिनिधित्व गर्दै देजमोले नेपाल स्थित भारतीय दूतावासमार्फत् भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई ज्ञापन पत्र बुझाइसकेको छ ।

मार्चाको केन्द्रीय समितिकै आयोजनामा काठमाडौंमा विरोध प्रदर्शन भएको छ भने काठमाडौं बाहिर पनि प्रदेश तथा जिल्ला स्तरमा कार्यक्रमहरू भइरहेका छन् । नवलपरासीले सुस्ता-महेशपुर जागरण अभियान नै सञ्चालन गरिरहेको छ भने चितवनले पनि निरन्तर विरोध प्रदर्शन गरिरहेको छ । विराटनगर, जनकपुर, कञ्चनपुर, सुर्खेत लगायतका स्थानमा पनि विरोध प्रदर्शन भएका छन् । जिल्ला जिल्लामा प्रायः साना तिना कोणसभाहरू दिनहुँजसो भइरहेका छन् ।

आन्दोलनमा प्रहरी दमन र धरपकड

नेपालको झण्डा, नक्सा समेत लिएर भारतीय अतिक्रमणका विरुद्ध प्रदर्शनमा उत्रिएका मोर्चाका कार्यकर्तामाथि सरकार व्यापक धरपकडमा उत्रियो । आन्दोलनकै क्रममा पार्टी तथा मोर्चाका नेताहरू चक्रपाणी शर्मा, हिरामणि दुःखी, निरज केसी, भुपेन्द्र न्यौपाने, दिपकबहादुर शाही, मोहन लिम्बु, फुर्नाम्गेल मोक्तान, विमल लगायत ३९ जना नेता कार्यकर्ता गिरफ्तारीमा परे । नेताहरू चक्रपाणी शर्मा र दिपकबहादुर शाहीलाई त प्रहरीले अपराधीलाई झै हातममा हत्कडी नै लगायो । सल्यानबाट गिरफ्तार गरिएका नेताहरू शर्मा र शाही लगायत ४ जनालाई ७ दिनपछि र धरानबाट गिरफ्तार गरिएका नेताहरू मोहन लिम्बु र विमल लगायत ९ जनालाई ८ दिनपछि रिहा गरियो । तर प्रहरी दमनको प्रतिरोध गर्दै आन्दोलनहरू भइरहेका छन् । राष्ट्रिय स्वाधीनताको आन्दोलनमा उत्रिएका नेता कार्यकर्तामाथिको धरपकडबाट सरकारको फासिस्ट र राष्ट्रघाती चरित्र उदाङ्गो भएको भन्दै प्रहरी धरपकडको मोर्चाका नताहरूले कडा शब्दमा निन्दा एवम् भर्त्सना गरेका छन् ।

**सरकारलाई मोर्चाको आठबुँदे सुझाव**

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको तर्फबाट अध्यक्ष सीपी गजुरेलले राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको रक्षाका लागि सरकारलाई ८ बुँदे कदम चाल्न सुझाब दिएका छन् । मोर्चाले दिएको ८ बुँदे सुभावलाई आन्दोलनरत अन्य पक्षले समेत महत्वपूर्ण रूपमा लिएका छन् । सबैभन्दा महत्वपूर्ण विषय भारतीय सेनालाई कालापानीबाट हटाउनु र भारतले लिम्पियाधुरा, कालापानी र लिपुलेकलाई गाभेर बनाएको नक्सालाई खारेज गराउनु हो भन्दै मोर्चाले '(१) विद्यमान समस्याको समाधान भारत सँग युद्ध गरेर हुँदैन । युद्धद्वारा समस्या हल गर्नुपर्छ भन्ने हाम्रो भनाइ होइन । यो समस्यालाई युद्धभन्दा भिन्न तरिकाले समाधान गरिनु पर्दछ ।

(२) नेपालले आफैंले लिम्पियाधुरा, कालापानी र लिपुलेक सहितको नक्सा बनाउनु पर्छ । यसका साथै सुस्ता, महेशपुर लगायत सीमा मिचिएका सबै ठाउँको आफ्नो भूभाग स्पष्ट झल्कने गरी नक्सा प्रकाशित गरिहाल्नु पर्दछ । यसबाट सबै तिर हाम्रो दावीको पुष्टि हुन्छ ।

(३) नेपाल सरकारले कूटनीतिक पहललाई अविलम्ब अघि बढाउनु पर्दछ । यसका निमित्त यो सरकारले भारतीय समकक्षी प्रधानमन्त्री स्तरमा वार्ता गर्न तिथि मिति अविलम्ब तय गरिहाल्नु पर्दछ । अन्य तहमा गरिने वार्ताको कुनै औचित्य छैन, त्यो केवल समय लम्ब्याउने चाल मात्र हुनेछ ।

(४) प्राप्त जानकारी अनुसार लिपुलेक -कालापानी-लिम्पियाधुरा क्षेत्रमा नेपालको सुरक्षा निकायको उपस्थिति लगभग सुन्य बराबर छ। जबकि हरेक चार किलो मिटरको दुरीमा भारतीय प्रहरी, सीमा सुरक्षाबल र सेनाका बाक्लो उपस्थिति छ । यस क्षेत्रमा भारतको सुरक्षा निकायको उपस्थिति दश हजार छ । त्यसकारण, नेपाल सरकारले पनि सुरक्षाका तीनै निकायलाई भारत सरकारले गरेकै अनुपातमा परिचालन गर्नु पर्छ ।

(५)यो विषयलाई अविलम्ब अन्तर्राष्ट्रिय मंचमा लैजानु पर्दछ । यसका निमित्त संयुक्त राष्ट्रसंघ र अन्तर राष्ट्रिय अदालत, हेगमा यो विषयलाई लैजाने पहल चाँडोभन्दा चाँडो गरिहाल्नु पर्दछ । यस विषयमा मित्र राष्ट्रहरूसँग वार्ता, छलफललाई पनि अघि बढाइहाल्नु पर्दछ ।

(६) देशभित्र देशभक्तिपूर्ण आन्दोलन व्यापकरूपमा संचालन गर्नुपर्छ । लाखौं देशभक्त नेपाली जनतालाई सडकमा उतार्नु पर्दछ। यसले भारतमाथि ठुलो दवाब सिर्जना गर्न सक्दछ । जनदबाब सिर्जना नगरिकन भारत पछि हट्ने संभावना देखिँदैन ।

(७) रोजगारीका लागि विदेशिएका नेपाली युवाहरूलाई नेपाल बोलाउनु पर्दछ । देशमा संकट आउन लागेको बेलामा विदेशमा बसेर तमासा हेर्ने देशभक्त नेपालीहरूको दायित्व होइन । उनीहरू देशको अखण्डताको रक्षा गर्न देशमै आएर भूमिका खेल्नु पर्दछ । गैरआवासीय नेपाली संगठन ९ल्च्ल० ले पटक पटक दोहोरो नागरिकताको माग गरिरहेको छ। उनीहरूका लागि यो एउटा परीक्षा बन्न गएको छ। उनीहरू आवश्यकता पर्दा देशको सार्वभौमिकता र अखण्डताका लागि भूमिका खेल्न तयार छन कि छैनन् ?

(८) आवश्यकता अनुसार नेपाली युवाहरूको सेनामा भर्ति खोलीदिनु पर्दछ। देशको निमित्त लड्न चाहने युवाहरूलाई अवसर दिनु पर्दछ। यसो गरियो भने हामी सैनिक क्षेत्रमा कमजोर छौं भन्ने हिनताबोधबाट हामी माथि उठ्न सक्दछौं । जनस्तरबाटै सेनाको आपूर्ति गर्न सकिन्छ ।' आदि सुझाब सरकारलाई दिएको छ ।

आन्दोलनलाई वृहत् बनाउने दिशामा मोर्चाको पहल

विभिन्न पार्टी तथा नागरिक स्तरबाट भारतीय हस्तक्षेपको विरोधमा भइरहेका आन्दोलनहरूलाई एकीकृत गरी वृहत् राष्ट्रिय राजनीतिक आन्दोलनको सृष्टि गर्न मोर्चाका अध्यक्ष सीपी गजुरेलले सार्वजनिक रूपमा आव्हान गर्दै आएका छन् । पछिल्लो पटक क्रान्तिकारी माओवादी निकट युवा, विद्यार्थी र मजदुरले संयुक्त रूपमा आयोजना गरेको भारतीय हस्तक्षेप विरुद्धको प्रदर्शनमा नागरिक स्तरबाट गठित सीमा बचाउ अभियनका अभियन्ता तथा बरिष्ठ पत्रकार भैरव रिसालको उपस्थिति र सम्बोधनलाई मोर्चा अध्यक्ष गजुरेलले सम्पूर्ण देशभक्तहरू एकताबद्ध हुने क्रम सुरु भएको टिप्पणी गरेका थिए । २० मंसिरको पोखराको अन्तर्क्रियामा प्रस्तुत कार्यपत्रले पनि त्यसै दिशातर्फ बातावरण बनाउन कोशिस गरेको छ । सच्चा देशभक्त तथा क्रान्तिकारीहरूलाई गोलबन्द गर्नका निम्ति प्रस्तुत कार्यपत्रले एउटा आधारपत्रको भूमिका खेल्ने बुद्धिजीवीहरूले टिप्पणी समेत गरेका छन् । प्रस्तुत कार्यपत्रलाई अन्य पक्षसँग छलफल बहस गरी एकताबद्ध भएर वृहत राष्ट्रिय स्वाधीनताको आन्दोलन विकास गर्ने दिशामा मोर्चाले थालेको पहलको रूपमा बुझ्न थालिएको छ ।

## सरकार...

लिम्पियाधुरा, लिपुलेक मिचिदा ठोस कदम चाल्न नसक्ने सरकारले लोकतान्त्रिक गणतन्त्रमा प्राप्ती अधिकारलाई निमोठ्दै दमनमा उत्रिएको बताए ।

कर्णाली प्रदेशको राजधानी सुर्खेतमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा नेता शर्माले भारतले सीमा मिच्दा मौन रहने सरकार क्रान्तिकारी योद्दाहरूले उप-निर्वाचन बहिष्कार र सिमा अतिक्रमणको आवाज उठाउँदा दमनमा उत्रिएको बताए ।

उनले जनतन्त्र जनजीविका साथै कालापानीमा भइरहेको विस्तारवाद तथा मंसिर १४ गते सम्पन्न उप-निर्वाचन बहिष्कारका क्रममा सल्यानको कुमाख गाउँपालिका-५ मा पक्राउ परेका नेता चक्रपाणि शर्माले आफु सहित नेता दिपक बहादुर शाही रअन्य दुइजना पक्राउ परेको विषयमा देजमो कर्णाली प्रदेशद्वारा आयोजित पत्रकार सम्मेलनमा यस्तो बताएका हुन ।

शर्माले भ्रष्टाचार सु-सासन, विकृति, विसंगति विरुद्द अभियान सञ्चालन गर्न, आन्दोलन गर्न पाउने जनताको अधिकारलाई सरकारले कुण्ठित गरेको बताउँदै भने 'सरकारले कम्युनिष्टको खोल ओडेर जनता र राजनीतिक पार्टीको लोकतान्त्रिक अधिकारहरूलाई अराजनीतिक रूपमा कुण्ठित गर्दै फाँसीवादी चरित्र देखाउँदै गएकोले नेपालमा नयाँ किसिमको द्वन्द्व सिर्जना हुने कुरामा दुइमत छैन ।'

उनले बर्तमान सरकार इतिहासकै आलोचक सरकार भएको भन्दै सल्यान प्रहरीले गरेको राणाकालिन प्रहरीको अराजकता र अभद्र व्यवहारको भर्त्सना गरे ।

यसैबीच, उपनिर्वाचन बहिस्कार आन्दोलनको क्रममा पक्राउ परेका नेताहरू रिहा भएपछि पार्टी तथा मोर्चाले भव्य स्वागत गरेको छ । मंसिर १० गते मंगलबार उपनिर्वाचन बहिस्कार आन्दोलनको क्रममा कुमाख गाउपालिका ५ बाट सल्यान प्रहरीले पक्राउ गरेको थियो।

प्रहरीले पार्टीका कर्णाली प्रदेश इन्चार्ज सुर्खेत घर भएका ६० वर्षीय चक्रपाणी शर्मा, दैलेख घर भएका केन्द्रीय सदस्य ४० वर्षीय दिपक शाही, जिल्ला सचिव सल्यानको कुमाख गाउपालिका ५ घर भएका ६८ वर्षीय चक्र बहादुर शाह र जिल्ला सदस्य कुमाख गाउपालिका ७ घर भएका ३८ वर्षीय हिरालाल गोसाईलाई पक्राउ गरेको थियो ।

## देजमो...

महेशपुर - सुस्ता जागरण अभियान संचालन गरेको छ । जिल्लाको सिमावर्ती महेशपुरबजारबाट शुरु मंगलवार शुरु अभियान विहीवार सुस्ता गाउपालिकाको कुडियामा समापन गरिएको थियो । नेकपा (क्रान्तिकारी माओवादी ) सम्बद्ध सो मोर्चाले भारतले लिम्पियाधुरा कालापानी , लिपुलेक र सुस्ता लगायतका स्थानमा गरेको अतिक्रमणको बिरुद्ध र राष्ट्रिय स्वाधीनताको पक्षमा प्रर्दशन एंव कोणसभा गरेको हो ।

विहीवार जिल्लाको ४ स्थानमा प्रर्दशन भएको मोर्चाले जनाएको छ । जसअन्तरगत बर्दघाटको त्रिवेणीचोक , गोपीगंज, बेलाटारी र सुस्ता गाउपालिकाको कुडियामा कोणसभा गरिएको थियो ।

भारतीय विस्तारवाद मुर्दावाद, लिम्यिपाधुरा लिपुलेक र कालापानी हाम्रो हो, भारतीय सेना कालापानी छोड जस्ता नारा लगाउदै प्रर्दशन गरिएको थियो ।

कोणसभामा क्रान्तिकारी माओवादीका प्रदेश सदस्य तथा जिल्ला सचिव छविलाल खरेल, रवि पाण्डेय जिल्ला सचिवालय सदस्य चुडामणी भण्डारी दुर्गा नारायण थारु लगायतले बोल्दै सरकारले भारतीयले सिमा मिच्दाँ टुलुटुल हेरेर बसेको बताए ।

कार्यक्रममा क्रान्तिकारी माओवादीका बिभिन्न जनबर्गीय संगठनका नेता कार्यकर्ता सहभागी थिए । कार्यक्रमलाई स्थनीयवासी ऐक्यबद्धता जनाएका थिए ।

यस अघि मोर्चाले जिल्लाको सिमावर्ती बजार महेशपुर, सदरमुकाम परासी, सुनवल बजार र भुमहीचोकमा प्रर्दशन तथा कोणसभा गरेको थियो ।

## अब पश्चिममा...

अखिल (क्रान्तिकारी) र अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघले रत्नपार्क शान्तिबाटिकामा गत सोमबार संयुक्त रूपमा आयोजना गरेको विरोध सभालाई सम्बोधन गर्दै अध्यक्ष गजुरेलले यस्तो बताएका हुन् ।

नेपालको तीनवटा भक्तपुर जति भूमि आफ्नो देशमा गाभेर नयाँ नक्सा जारी गरेपछि नेपालमा यति ठूलो विरोध तथा प्रतिरोध आन्दोलन भइरहँदा पनि मोदी केही नबोलेको र कर्मचारी र उत्तराखण्डको मुख्यमन्त्रीमार्फत् उक्त भूमि भारतकै भएको दाबी गरिरहेको प्रसंगबारे चर्चा गर्दै अध्यक्ष गजुरेलले भारतले सजिलै लिम्पियाधुरा, लिपुलेक, कालापानी लगायत हडपेको भूमि नछाड्ने बताए र भने, 'पूर्खाले रगतको खोला बगाएर बचाएको देश बचाउन अब जुन सुकै पार्टी वा विचारमा लागेको भएपनि सबै एकताबद्ध हुनुपर्दछ । यो बेला देश बचाउन एकताबद्ध हुने बेला हो ।'

देशको रक्षा गर्ने पहिलो र प्रमुख दायित्व सरकारको हो र सरकारले देशको रक्षा गर्न नसकेको बताउँदै अध्यक्ष गजुरेलले भने, 'देशमा यति ठूलो राष्ट्रिय संकट पैदा हुँदा पनि काम नलाग्ने सेना, सशस्त्र प्रहरी पाल्न नेपाली जनताले कर किन तिर्ने ? सरकारले तत्काल १० हजारभन्दा बढी सेना कालापानी क्षेत्रमा परिचालन गर्नुपर्छ ।'

अब देश बचाउनका लागि नेपालका आम युवाहरूलाई सेनामा भर्ति खोल्नुपर्ने र सबै नेपाली युवाहरूलाई सैन्य तालिम दिनुपर्ने पनि अध्यक्ष गजुरेलले बताए ।

मुलुकमा उत्पन्न राष्ट्रिय संकटको समाधानका लागि ८ बुँदे सुझाव प्रस्तुत गर्दै अध्यक्ष गजुरेलले प्रम ओली र मोदीले तत्काल वार्ता गर्नुपर्ने, यो विषयलाई अन्तर्राष्ट्रियकरण गर्दै अन्तर्राष्ट्रिय अदालतमा जानुपर्ने, सबै देशभक्तहरू एकजुट भएर राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई चर्काउनुपर्ने आवश्यकतामाथि जोड दिएका थिए ।

अध्यक्ष गजुरेलले देश बचाउने अधिकार सबैको भएको भन्दै जुनसुकै विचार, आस्था र पार्टीको भएपनि एकताबद्ध भएर सशक्त रूपमा आन्दोलनलाई अगाडि बढाउन र साथ दिन सार्वजनिक आव्हान गरे । त्यसका लागि पहल र नेतृत्व गर्न क्रान्तिकारी माओवादी, समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा सँधै तयार रहेको पनि जानकारी दिए ।

## क्रान्तिकारी...

लागि सरकारको ध्यानाकर्षण गराउन पार्टीले सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लामा जिल्ला प्रशासन कार्यालय मार्फत ज्ञापनपत्र बुझाएको नेता अनुकूलले बताए ।

नेता अनुकूलले राष्ट्रिय स्वाधीनताको रक्षाका लागि आफ्नो पार्टी विगतदेखि आन्दोलन गर्दै आएको र आवश्यक परे जस्तोसुकै आन्दोलन र वलिदानी संघर्ष गर्न पनि तयार रहेको बताउँदै सरकारलाई अविलम्ब ठोस कदम चाली भारतीय विस्तारवादले हडपेको भूमि फिर्ता गराउन आग्रह गरे ।

यसैबीच, नेकपा (क्रान्तिकारी माओवादी) तथा सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको आयोजनामा भारतीय विस्तारवादद्वारा अतिक्रमित नेपाली भूमि फिर्ताको माग गर्दै रसुवामा ज्ञापनपत्र बुझाइएको छ। राष्ट्रियता, जनतन्त्र तथा जनजीविका लगाएतका विषयमा चरणबद्ध संघर्ष गर्दै आईरहेको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल रसुवाका संयोजक टेकबहादुर विकको नेतृत्वमा गएको एक टोलीले प्रमुख जिल्ला अधिकारीमार्फत् नेपाल सरकारलाई ज्ञापनपत्र बुझाएको थियो । ज्ञापन पत्रमा ३८५ वर्ग कि.मि. क्षेत्रमा फैलिएको कालापानी, लिपुलेक, लिम्पियाधुरा लगायत नेपाली भूमि भारतीय विस्तारवादले अतिक्रमण गरेका सम्पूर्ण नेपाली भूमि फिर्ता गराउन तत्काल कुटनीतिक पहल थाल्न माग गर्दै त्यसो नगरिए जनताका साथ लिएर सशक्त संघर्षमा उत्रने चेतावानी दिइएको छ ।

०७२ सालमा भुकम्पबाट ग्रसित नेपाली जनतालाई भारतले दिएको उपहार (नाकाबन्दी) भुलिनसक्दै लिम्पियाधुरादेखि लिपुलेक लगायतका भुमि भारतले नयाँ नक्सामा गाभेर नक्सा जारी गरेपछि नेपालमा निकै ठूलो प्रतिरोध आन्दोलन भइरहेको छ ।

त्यसैगरी देजमो, नेपालकै आयोजनामा रामेछाप जिल्लामा पनि ज्ञापन पत्र बुझाइएको छ । नेकपा (क्रान्तिकारी माओवादी)का केस गगनको नेतृत्वमा गएको एक टोलीले प्रमुख जिल्ला कार्यालय रामेछपमा ज्ञापन पत्र बुझाइएको नेता गगनले जानकारी दिए ।

यसअघि देजमो, नेपाल ३ नं. प्रदेशका अन्य जिल्लाहरूमा एकैसाथ प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाएको थियो ।

## क्रान्तिको...

बताए । विगतमा निर्माण भएका सेना तथा सत्ता प्रचण्डले एउटै सहमतिले विघटन गरेको उल्लेख गर्दै गजुरेलले उनीहरूसँग विचारसमेत नभएको आरोप लगाए ।

देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका केन्द्रीय अध्यक्षसमेत रहेका नेता गजुरेलले राष्ट्रियताको मुद्दामा आफनो पार्टी तथा मोर्चा एक कदम अगाडि रहेको पनि दाबी गरे ।

भारतले बनाएको नक्कली नक्सा आफ्नो संगठनको अगुवाईमा एक वर्षअघि नै सरकारी कार्यालयबाट हटाउन लगाएको उनले बताए । भारतले नेपाली भूमि समेटेर नक्सा तयार गरेको विरोधमा आफनो पार्टीले मेची महाकाली अभियान नै संचालन गरेको पनि गजुरेलले स्पष्ट गरे ।

आफूहरूले अभियान चलाएको एक वर्षपछि जनताले भारतीय रबैयाको बारेमा बुझेको भन्दै उनले खुशी ब्यक्त गरे ।

***सम्मेलन सम्पन्न, क्रान्तिकारी माओवादी प्रदेश ४ को सेक्रेटरीमा किशोर***

पार्टी पीवीएम किशोरको नेतृत्वमा २५ सदस्यीय नयाँ कमिटि गठन गर्दै नेकपा क्रान्तिकारी माओवादी प्रदेश ४ को प्रदेश सम्मेलन विहीबार सकिएको छ । निर्वाचित कमिटिको पहिलो बैठकले किशोरलाई प्रदेश सेक्रेटरीमा चयन गरेको हो । सम्मेलनले वैकल्पिक प्रदेश समिति सदस्यमा ९ जनालाई निर्वाचित गरेको छ ।

सम्मेलनको समापन कार्यक्रममा बोल्दै नेकपा क्रान्तिकारी माओवादीका स्थायी कमिटि सदस्य एवम् देजमो नेपालका अध्यक्ष सिपी गजुरेलले अहिलेकै गतिमा क्रान्ति सफल नुहने भएकोले क्रान्ति सफल पार्नका लागि कार्यकर्ताहरूलाई सोही ढंगले आफ्नो जिम्मेवारीपूर्वक काम गर्न निर्देशन दिए ।

कार्यक्रममा नवगठित समितिका प्रदेश सेक्रेटरी केशबहादुर परियारले प्रदेश ४ मा पार्टीलाई नयाँ उचाईमा लैजानका लागि आफू र नवगठित कमितिको तर्फबाट प्रतिबद्धता गरेका थिए । बुधबारदेखि पोखरामा शुरु भएको प्रदेश सम्मेलनको बन्द शत्र प्रदेश ४ का इन्चार्ज अटलको अध्यक्षतामा भएको थियो ।

विहीबारको बन्द सत्रमा प्रदेश इन्चार्ज अटलले प्रस्तुत गरेको प्रतिवेदनमाथि छलफलपछि पास गरिएको थियो भने जिल्ला सेक्रेटरीहरूले जिल्लाको संगठनात्मक स्थितिको रिपोटिङ्ग गरेका थिए ।

यसैबीच, राष्ट्रिय मधेस समाजवादी पार्टी नवलपुरका अध्यक्ष दुर्गा अधिकारी क्रान्तिकारी माओवादीमा प्रवेश गरेका छन् ।

अधिकारी र समाजवादी पार्टी नवलपुरका सदस्य राम सुनार सहित दर्जन कार्यकर्ताहरू क्रान्तिकारी माओवादीमा प्रवेश गरेको नेकपा क्रान्तिकारी माओवादी नवलपुरको सेक्रेटरी उत्तम थापाले बताए। उनीहरूलाई मंगलबार पार्टी प्रवेश गराएका हुन् ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

खोटाङ यातायात प्रा.लि.

काठमाडौंबाट- हलेसी, ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस् ।

सम्पर्क–

कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०

चाबहिल- ९८५१२४५६८०

दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

रोयल बुईपा A/C जम्बो हाईस



गाईघाट–लहान–खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर

बसन्त खड्का – ९८४२८३७७९३
– ९८१७७१९६९७

ईन्द्र कट्टेल – ९८१८४१५२९०

गाईघाट सम्पर्क नम्बर

फोन नं. ०३५–४२१६४३

पुरुषोत्तम खनाल – ९८५२८३५६९०
– ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति

रिभर्ज चाहिएमा सम्पर्क

सानोभाई थापा - ९८४४२५२३८५

सानोभाई फलफूल एण्ड जुस भण्डार

सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३९२८४३०

टाटासुमो बोलेरो

काठमाडौं फोन
०१–५१००४९४
९८४११०६९६७
९८४४४०३१५९

यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ ।

सिन्धुली फोन
०४७–५२११६९
०४७–६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४००८४००

## आलोपालो

# तेस्रो जनआन्दोलनको सुनामी सृष्टि गर्न आवश्यक

*भारतीय शासक वर्गले नेपालमाथि गर्दै आएको थिचोमिचो र अवहेलानाका विरुद्ध नेपाली जनताले ठूला ठूला आन्दोलन र संघर्ष गर्दै आएका छन् / राष्ट्रिय स्वाधीनताको रक्षाका लागि नेपालका कम्युनिस्ट पार्टीहरूले ठूला ठूला संघर्ष चलाउदै आएका छन्*



● हस्तबहादुर केसी ●

मुलुकलााई तेस्रो जनआन्दोलनको आवश्यकता परिसकेको छ। किनकि मुलुकको अवस्था गंभीर प्रकारको जटिलताबाट गुज्रिन बाध्य भइरहेको छ। भारत सरकारले लिपुलेक, कालापानी र लिम्पियाधुरा आफ्नो राजनीतिक नक्सामा राखेर सार्वजनिक गरिसकेपछि मुलुकमा राष्ट्रिय स्वाधीनताको प्रश्न जटिल बन्न पुगेको छ। भारतले नेपालको सिमाना अतिक्रमण गरेको घटना भने नयाँ होइन। नेपाल-भारतबिच सम्पन्न असमान तथा अपमानजनक सन् १९५० सन्धिदेखि यता आएर भारतले नेपालको सुस्ता, महेशपुर, पशुपतिनगर, मानेभञ्ज्याङ, कालापानी लगायत करिब ७२/७३ स्थानमा गरेर करिब ६० हजार हेक्टर नेपाली जमिन अतिक्रमण गरिसकेको छ। भारतीय विस्तारबादी शासकहरूले नेपाल लगायत अन्य छिमेकी मुलुकहरूमाथि थिचोमिचो गर्दै आएको छ। सीमा मिच्ने, अन्य थिचोमिचो गर्दै आएको छ।

भारतीय शासक वर्गले नेपालमाथि गर्दै आएको थिचोमिचो र अवहेलानाका विरुद्ध नेपाली जनताले ठूला ठूला आन्दोलन र संघर्ष गर्दै आएका छन्। राष्ट्रिय स्वाधीनताको रक्षाका लागि नेपालका कम्युनिस्ट पार्टीहरूले ठूला ठूला संघर्ष चलाउदै आएका छन्। नेपालका कम्युनिस्टहरूको लक्ष्य जनवाद हुँदै वैज्ञानिक समाजवादको बाटो हुदै साम्यवादसम्म पुग्नु पर्ने भएकाले नेपालका कम्युनिस्टहरू अन्तर्राष्ट्रियतावादी हुँदाहुँदै पनि नेपाली क्रान्तिविना समाजवाद हुँदै साम्यवादमा पुग्न नसकिने भएकाले नेपालको राष्ट्रिय स्वाधीनता आवश्यक भएको हो।

जंगबहादुर राणादेखि हालसम्मका नेपालका शासकहरू बृटिश-भारतका गुलाम, दलाल बन्दै भारतीय शासकहरूको चाकडी र च्याप्लुसी गर्दै शासन सत्तामा पुग्ने र नेपाली जनतामाथि शासन गर्दै आएका कारण करिब १८० वर्ष पहिलेदेखि नेपाली राष्ट्रिय स्वाधीनता धरापमा पर्दै आएको छ।

नेपाली जनताको भोट लिए पनि जनताको विश्वास नमान्ने र भारतीय शासकहरूमाथि भर भर्दै आएको कम्युनिस्ट नामको दुई तिहाई भनिएको वर्तमान डब्बल नेकपाको सरकारले कुटनैतिक तथा राजनीतिक रूपले भार तसंग आन्तरिक रूपमा भारतसित वार्ता गरेर समस्या समाधान गर्ने र गुमेको भूभाग फिर्ता ल्याउन अधिकतम प्रयत्न गर्नु पर्नेमा वर्तमान दलाल सरकार झारा टार्ने र नेपाली जनताको आँखामा छारो हाल्ने षड्यन्त्रमा तल्लीन छ। यो दलाल सरकारबाट राष्ट्रिय स्वाधीनताको रक्षा गर्न र गुमेको भूमि फिर्ता हुने संभावना छैन। यसको निम्ति तेस्रो जनआन्दोलनको सुनामी आँधीवेरी सृष्टि गर्न आवश्यक छ। जनताको सशक्त जनआन्दोलनविना राष्ट्रिय स्वाधीनताको रक्षा गर्न र भारतद्वारा गुमाएको भूभाग फिर्ता गर्न संभव छैन।

यसका अतिरिक्त इतिहासमै मुलुक भ्रष्टाचारले आक्रान्त बन्न पुगेको छ। नेकपाको वर्तमान कम्युनिस्ट नामधारी सरकार इतिहासमै भ्रष्ट सरकारको रूपमा नेपाली समाजमा दर्ज हुन पुगेको छ। यो सरकारकै संरक्षणमा भ्रष्टाचार मौलाइरहेको छ।

शैक्षिक माफिया र शैक्षिक कालाबजारीयाका कारण नेपालको शैक्षिक क्षेत्र निकै आक्रान्त बन्न पुगेको छ। सर्वसाधारण जनताले मौलिक हक अधिकारको रूपमा रहेको शिक्षा प्राप्त गर्ने कुरा पनि गंभीर बन्न पुगेको छ। जसका कारण हजारौं नेपाली विद्यार्थीहरू विदेश पलायन हुन बाध्ये भइरहेका छन्।

स्वास्थ्य क्षेत्रमा पनि शैक्षिक माफिया र शैक्षिक कालाबजारीयाका कारण जनताको मौलिक हक अधिकारको रूपमा रहेको जनस्वास्थ्यको क्षेत्र ज्यादै चिन्ताजनक बन्न पुगेको छ। शैक्षिक माफियाकारण हजारौं विद्यार्थीहरू लाखौं पैसा तिरेर मेडिकल शिक्षा लिन बाध्य भइरहेका छन्। सरकारको संरक्षणमा शैक्षिक माफियाहरूले स्वास्थ्य क्षेत्र ज्यादै चिन्ताजनक बन्न पुगेको छ।

कालाबजारिया, कमिशनखोर नाफाखोर, विचैलियाहरूको कारण महंगिले आकाश छोएको छ, जनताको ढाड सेकिदासम्म पनि सरकारले यसलाई कार्वाहीको विषय बनाउनु सट्टा उल्टै सरकारकै संरक्षणमा महंगीले आकाश छोएको छ।

बेरोजकारकै कारण आज लाखौं नेपाली युवाहरू विदेशिन बाध्य भइरहेका छन्। आज नेपालका गाउँ घरहरू युवा युवती शुन्य भइसकेको छ।

हत्या, हिंसा र बलात्कारका घटनाहरू सरकारकै संरक्षणमा बढिरहेका छन्। निर्मला पन्त लगायतका बलत्कारी र हत्याराहरू बाँकी ७ पेजमा

# 'नेपाली भूमि फिर्ता गराउन दिल्लीसँग घुँडा धसेर कुरा गर्नुपर्छ'

काठमाडौं। अग्रज पत्रकार तथा पूर्व प्रशासक एवम् सीमा बचाउ अभियानका अभियन्ता भैरव रिसालले राष्ट्रघात गर्ने शासकहरूलाई खोजी खोजी सजाय दिनु पर्ने र भारतले हडपेको भूमि फिर्ता गर्न दिल्लीसँग घुँडा धसेर नेपालका शासकहरूले कुरा गर्नुपर्ने विचार व्यक्त गरेका छन्। नेकपा (क्रान्तिकारी माओवादी) निकट क्रान्तिकारी युवा लिग, नेपाल, अखिल (क्रान्तिकारी) र अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघको संयुक्त आयोजनामा भएको विरोध च्यालीसहितको सभालाई सम्बोधन गर्दै यस्तो विचार व्यक्त गरेका हुन्।

उनले लिम्पियाधुरा, लिपुलेक, कालापानी क्षेत्र भारतले आफ्नो नक्सामा पारी जारी गरेको एक महिना बितिसक्दा पनि नेपालको सरकारले केही नगरेको, दौडिनुपर्ने ठाउँमा हिड्दै नहिडेको टिप्पणी गर्दै सरकार के गरी बसेको छ भनी प्रश्न गर्दै भने, ' अब सरकारले मिचिएको भूमि फिर्ता गर्न प्रमाणसहित घुँडा धसेर कुरा गर्नु पर्छ। लिम्पियाधुरा, कालापानी, लिपुलेक नेपालको हो भन्ने म पनि एउटा जिउँदो प्रमाण हुँ। मैले नै त्यस भूभागमा बस्ने नेपालीहरूको जनगणना गरेको छु।'



इतिहासका विभिन्न कालखण्डमा नेपाली शासकहरूले ठूल्ठूला राष्ट्रघात गरेको भन्दै ती राष्ट्रघाती शासकहरूलाई खोजी खोजी सजाय दिनुपर्ने बेला आएको बताए। उनले जनतालाई भने, 'खुरु खुरु भोट हाल्ने मात्रै होइन देश बचाउन पनि जनता अब सडकमा आउनु पर्छ। अहिले देशैभर जनतामा राष्ट्रियता प्रति जागरण पैदा भएको छ। माहौल तातेको छ। तातेकै बेलामा पिट्यो भने मात्र फलामलाई चाहेको आकार दिन सकिन्छ। त्यसैले अहिलेको यो आन्दोलनलाई सेलाउन दिनु हुँदैन। अझ देशव्यापी रूपमा जागरुक बनाउनु पर्छ।'

रिसालले राष्ट्रिय प्रतिरोध आन्दोलनको क्रममा आफूले पटक पटक पुलिसबाट यातना खाएको र त्यसले आफूलाई अझ स्पातिलो बनाएको अनुभूति समेत सुनाएका थिए।

# भारतीय हस्तक्षेपका विरुद्ध चितवनको माडीमा विरोध जुलससहित प्रदर्शन

चितवन। भारतीय विस्तारवादी सत्ताले नेपालको लिपुलेक, कालापानी र लिम्पियाधुरा सहित ३७२ वर्ग किमि भन्दा बढी भु-भाग कब्जा गरेर आफ्नो नक्सामा समावेश गरेको विरुद्धमा नेकपा (क्रान्तिकारी माओवादी) चितवन समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल चितवन जिल्ला समितिले माडि नगरपालिकाको वसन्तपुर चोकमा प्रदर्शन सहित सभा सम्पन्न गरेको छ। स्थानीय माडि क्याम्पस चौरबाट सयौंको सङ्ख्यामा शुरु भएको विरोध जुलुस वजारका विभिन्न स्थान परिक्रमा गरी वसन्तपुर चोकमा आई सभामा परिणत भएको थियो। सभालाई सम्बोधन गर्दै मोर्चाका पुर्व केन्द्रीय सदस्य अशोक शर्माले देशको राष्ट्रिय अस्मिता र स्वाधीनतामाथि भारतीय विस्तारवादद्वारा हस्तक्षेप हुँदा कानमा तेल हालेर बस्ने र त्यसको विराधमा जनता सडका निस्कदा गिरफ्तार गर्ने वर्तमान केपी ओलीको बदनाम र नालायक सरकार सरकार इतिहासकै सवैभन्दा राष्ट्रघाती, भ्रष्ट र दलाल भएको प्रमाणित समेत दाबी गर्दै यो दलाल संसदीय व्यवस्थाको विकल्पमा नयाँ जनवादी व्यवस्थाको लागि संघर्षमा सामेल हुने बेला आएको बताए। उनले दलाल सत्ताको राष्ट्रघाती कार्यको विरुद्धमा संघर्षरत देजमोका नेता कार्यकर्ता गिरफ्तार गरेर गम्भीर अपराध गरेको आरोप लगाउदै एकदिन जनताले यी दलाल राष्ट्रघातीहरूलाई कार्वाही गर्ने बताए। सभामा बोल्दै देजमो चितवनका अध्यक्ष बाबुराम प्यासीले दलाल सत्ताको राष्ट्रघाती कार्यको विरुद्धमा आफ्नो पार्टी देशव्यापी संघर्षमा रहेको कारण र आफ्नो अभियानलाई सहयोग पुऱ्याउन माडीक्षेत्रका जनतालाई आवहान समेत गरेका थिए। माडी क्षेत्र पनि भारतीय विस्तारवादको अतिक्रमणमा पर्दै आएको कारण राष्ट्रियताको मुद्दामा माडीको अग्रणी भुमिका रहनु पर्ने नेता प्यासीको भनाइ थियो। चर्चित विद्यार्थी नेता तथा अखिल क्रान्तिकारीका पूर्व केन्द्रीय अध्यक्ष सुरेश गौतमले संचालन गरेको उक्त विरोध सभा देशभक्त जनगणतान्त्रिक मोर्चाका चितवन जिल्ला कोषाध्क्ष तथा माडि इलाका संयोजक सीपि सुवेदीको अध्यक्षतामा सम्पन्न भएको थियो।

## विप्लव...

कार्यकर्ता मोहन वैद्य किरण नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)मा प्रवेश गरेका छन्।

यसरी पार्टी प्रवेश गर्ने अन्य कार्यकर्ताहरूमा मनु विक, मन्दीरा राई, जुना विक, सरिता गुरुङ, रविना श्रेष्ठ, आरती परियार, जंग बहादुर अधिकारी, सुनिता परियार, जेसिका गुरुङ, अरुण वानिया, इश्वर अधिकारी लगायत रहेका छन्। नव प्रवेशी नेता कार्यकर्तालाई क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा चितवन जिल्ला इन्चार्ज विकास र जिल्ला सेक्रेटरी हेमन्तले अविर लगाएर पार्टी प्रवेस गराएका थिए। नवप्रवेशी नेता कार्यकर्तालाई पार्टीमा स्वागत गर्दै जिल्ला इन्चार्ज विकासले क्रान्तिकारीहरू विचको एकता र ध्रुवीकरणबाट मात्रै नयाँ जनवादी क्रान्तिको उद्देश्य पूरा हुने हुँदा देशभरि छरिएर रहेका सबै क्रान्तिकारीहरू बिस्तारै क्रान्तिकारी माओवादीमा ध्रुवीकरण हुन थालेकोले दलाल सत्ताको दिनगन्ति सुरु भएको बताए। उनले आफुहरू सबै देशभक्त र क्रान्तिकारीहरूसंग देश र जनताको मुक्तिको लागि सहकार्य गर्न तयार रहेको बताए।

जिल्ला सेक्रेटरी हेमन्तले क्रान्तिको उर्वर भुमिको रूपमा चिनिएको चितवन जिल्लामा अब चाँडै नै वर्गसंघर्ष हाँक्न सक्षम र योग्य क्रान्तिकारी पार्टी निर्माण हुने बताउँदै क्रान्तिकारी ध्रुवीकरणमा आउने सबै क्रान्तिकारीहरूलाई उचित जिम्मेवारी सहित सहकार्य गर्ने बताए। प्रवेश कार्यक्रममा नवप्रवेशी कार्यकर्ताले आजको सन्दर्भमा नेकपा (क्रान्तिकारी माओवादी) मात्रै देशको एकमात्र सच्चा क्रान्तिकारी कम्युनिस्ट पार्टी भएको व्यवहारिक रूपमै प्रमाणित भएको कारण आफुहरू ध्रुवीकरणमा सहभागी भएको बताए। विगत तीन महिना यता चितवन जिल्लामा विभिन्न पार्टी परित्याग गरी क्रान्तिकारी माओवादीमा ध्रुवीकरण हुने नेता कार्यकर्ताको संख्या पाँच दर्जनभन्दा माथि रहेको र यो प्रक्रिया आगामी दिनमा अझै तीब्रताका साथ अगाडि बढ्ने जिल्ला सेक्रेटरी हेमन्तले दाबी गरे।

## विस्तारवादी...

हो, राष्ट्रिय स्वाधीनताको रक्षा गरौ, भारतीय सेना कालापानी छोड, सम्पुर्ण देशभक्त नेपाली एक होओ लगायतका नाराहरू लगाइएका थिए।

विरोध सभालाई देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेल, सीमा बचाउ अभियानका अभियन्ता तथा बरिष्ठ पत्रकार भैरव रिसाल, क्रान्तिकारी युवा लिग, नेपालका अध्यक्ष अमीर महर्जन, अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेल, अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघका अध्यक्ष इश्वर तिमिल्सिना लगायतका नेताहरूले सम्बोधन गरे।

विद्यार्थी नेतृ शिलु न्यौपानेले सञ्चालन गरेको कार्यक्रमको अध्यक्षता युवा नेता केशव ढलकोटीले गरेका थिए। कार्यक्रममा स्वागत मन्तव्य मजदुर नेता अर्जुनलाल श्रेष्ठले गरेका थिए। कार्यक्रमा सामना सांस्कृतिक परिवारले पनि गीत तथा नृत्य प्रस्तुत गरेको थियो।

क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य राजवीर, पीवीएमहरू सागर, प्रभाकिरण, प्रवेश लगायत सिसिएमहरूको समेत उपस्थिति तथा सहभागिता रहेको विरोध च्याली तथा सभामा हजारौंको संख्यामा युवा, विद्यार्थी तथा मजदुरहरूको उपस्थिति तथा सहभागिता रहेको थियो।


## राजस्व अनुसन्धान कार्यालय कोहलपुरको अनुरोध

१. कुनै प्रकारको वस्तु सामान वा सेवा विक्री गर्दा बिल बिजक अनिवार्य रूपमा जारी गरौं। उपभोक्ताहरूले वस्तु वा सेवा खरिद गर्दा बिल लिने बानी बसालौं।
२. सामाग्रीहरू ओसार पसार गर्दा सामान खरिद वा विक्रीको बिल अनिवार्यरूपमा साथमा बोक्ने बानी बसालौं।
३. व्यावसायिक प्रयोजनका मालवस्तु एक स्थानबाट अर्को स्थानमा थोकस्तरसम्मको कारोबार गर्नेले आन्तरिक ओसारसार गर्दा ढुवानी साधन र मालसामानको संक्षिप्त विवरण मालवस्तु तथा ढुवानी साधनको अनुगमन प्रणाली(खभजष्अभि बलम अयलकष्नलकभलत तचबअपष्लन) मा अनिवार्य प्रविष्ट गरौं।
४. प्रतिबन्धित वैदेशिक मुद्राहरूको कारोबार नगराउँ नगरौं तथा साथमा नराखौं।
५. राजस्व चुहावट सम्बन्धि कुनै कार्य गरेको जानकारी प्राप्त भएमा राजस्व अनुसन्धान कार्यालय वा राजस्व अनुसन्धान विभागमा सूचना दिइ राजस्व चुहावट रोक्न सहयोग गरौं। तपाइँको नाम र ठेगाना गोप्य रहनेछ। तपाइले दिएको सूचना वापत कानुन बमोजिम तपाइलाई पुरस्कृत गरिनेछ।

राजस्व अनुसन्धान कार्यालय
कोहलपुर, बाँके

गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोरपाटी काठमाडौं
३ नं. प्रदेश नेपाल




१. स्वास्थ्य र पौस्टिक खान खाऔं, नियमित स्वास्थ्य जाच गरौ
२. हाम्रो नगरको पहिचान, संस्कृति गौरव र अस्तित्व विशिस्ट मौलिकता बोकेको गोकर्णेश्वर नगर
३. सुशासन, सरसफाई र विकास निर्माणमा सबै स्थानीय जनताहरु जागरुक हऊ
४. बच्चा ५ वर्ष नपुगुन्जेल नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी बच्चालाई खुवाउनु पर्ने पोषिलो खानेकुराबाट जानकारी लिई पोषण स्थिति थाहा पाउन तौल लिई वृद्धि अनुगमन गरौ
५. म्याद गएको सामग्रीहरुको बिक्री वितरणमा रोक लगाऔं उपभोक्ताको जीवनसंग खेलवाड नगरौं
६. बोट बिरुवा रोपौं गोकर्णेश्वर नगरपालिकालाई स्वच्छ सफा र हरामरा बनाऔं।

भिम बहादुर शाही
प्रशासन, योजना तथा अनुगमन शाखा
गोकर्णेश्वर नगरपालिका








प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., प्रबन्ध निर्देशक : हुकुमबहादुर सिंह, सम्पादक : इन्द्रबहादुर राउत, फोटोः जय दाहाल, कार्यालय : काठमाडौं-१०, बुद्धनगर सम्पर्क नं. : ९८५११३४८३०, ०१-५२६०११२ इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं।